सर्वोच्च अदालत, वृहत पूर्ण इजलास
माननीय न्यायाधीश श्री कुमार रेग्मी
माननीय न्यायाधीश श्री हरिप्रसाद फुयाल
माननीय न्यायाधीश डा. श्री मनोजकुमार शर्मा
माननीय न्यायाधीश डा. श्री कुमार चुडाल
माननीय न्यायाधीश श्री तिल प्रसाद श्रेष्ठ

# आदेश

०७४-WF-००१७

विषयः उत्प्रेषण समेत।

काठमाण्डौ जिल्ला का.म.न.पा. वडा नं. ४ बस्ने रेणुका ओली....................१
ऐ.ऐ. वडा नं. ७ बस्ने गंगादेवी सिटौला....................................................१
ऐ.ऐ. बस्ने उमा न्यौपाने.........................................................................१
काठमाण्डौ जिल्ला कपन वडा नं. १ बस्ने सुशिला ढकाल(पोखेल)..............१
ऐ.ऐ. बस्ने ममता दाहाल........................................................................१
ऐ.ऐ. बस्ने निर बहादुर थापा मगर..........................................................१
ऐ.ऐ. बस्ने अरुणा श्रेष्ठ.........................................................................१
काठमाण्डौ जिल्ला का.म.न.पा. वडा नं. ७ बस्ने श्रेया देवकोटा..................१ निवेदक
ऐ.ऐ. बस्ने डोल्मा शेर्पा.........................................................................१
ऐ.ऐ. बस्ने कालिका देवी मिश्र.................................................................१
ऐ.ऐ. बस्ने केशरी लक्ष्मी बैद्यको हकमा रमेश कुमार बैद्य........................१
ऐ.ऐ. बस्ने गोपाल श्रेष्ठ.........................................................................१
ऐ.ऐ. बस्ने मुना पौडेल...........................................................................१
ऐ.ऐ. बस्ने हरिश चन्द्र मैनाली...............................................................१
ऐ.ऐ. बस्ने गणेश बहादुर गुरुङ्ग...............................................................१
ऐ.ऐ. बस्ने शान्ता कुमारी पराजुली...........................................................१
ऐ.ऐ. बस्ने सुरेश दाश श्रेष्ठ....................................................................१

काठमाण्डौ जिल्ला का.म.न.पा. वडा नं. ७ बस्ने बिमला कुमारी न्यौपाने.......१
ऐ.ऐ. बस्ने रेशम कुमारी चौलागाई....................................................१
ऐ.ऐ. बस्ने ज्ञान प्रसाद शर्मा न्यौपाने................................................१
ऐ.ऐ. बस्ने जानकी कुमारी (अधिकारी) खनाल.......................................१
ऐ.ऐ. बस्ने नाबालक एकता श्री राणाको हकमा मिरा बस्नेत......................१
ऐ.ऐ. बस्ने पुरुषोत्तम कुइकेल............................................................१
ऐ.ऐ. बस्ने मिठू कुमारी कुइकेल.........................................................१
ऐ.ऐ. बस्ने बिनोद कुइकेल..................................................................१
ऐ.ऐ. बस्ने साबित्री कुमारी कोइराला....................................................१
ऐ.ऐ. श्री ओम हस्पिटल एण्ड रिसर्च सेन्टर............................................१
ऐ.ऐ. बस्ने धर्मकला (प्रसाई) सिवाकोटी.................................................१
ऐ.ऐ. वडा नं. ६ बस्ने राजन कुमार पोखेल.............................................१
ऐ.ऐ. बस्नें थिर बहादुर कार्की...............................................................१
ऐ.ऐ. बस्ने पाल्देन शेर्पा .......................................................................१
ऐ.ऐ. बस्ने छिरिङ्ग शेर्पा.......................................................................१
ऐ.ऐ. बस्ने छेसाङ्गमु शेर्पा.....................................................................१
ऐ.ऐ. बस्ने सिता बस्नेत.........................................................................१
ऐ.ऐ. बस्ने रुपा गिरी.............................................................................१
ऐ.ऐ. वडा नं. ७ बस्ने लकामान रोकाय...................................................१
ऐ.ऐ. बस्ने लुना (बैद्य) राजभण्डारी.......................................................१
ऐ.ऐ. वडा नं. ९ बस्ने लोकमणी सिन्हा...................................................१
ऐ.ऐ. बस्ने निर्मला देवी सिंह..................................................................१
ऐ.ऐ. बस्ने बिद्यादेवी तिवारी..................................................................१
ऐ.ऐ. बस्ने बिनिता पोखेल......................................................................१
ऐ.ऐ. बस्ने कल्याणदेवी भट्टराई..............................................................१
ऐ.ऐ. बस्ने राजु गुरुङ्ग...........................................................................१
ऐ.ऐ. बस्ने सिलु तामाङ्ग........................................................................१
ऐ.ऐ. बस्ने शारदा नन्द बैद्य...................................................................१
ऐ.ऐ. बस्ने अमृतानन्द बैद्य.....................................................................१
ऐ.ऐ. बस्ने अमेश्वर नन्दको हक खाने जगदिश श्रवरानन्द बैद्य.....................१
ऐ.ऐ. बस्ने अच्युता नन्द बैद्य .................................................................१
ऐ.ऐ. वडा नं. ७ बस्ने बिमला कुमारी मैनाली...........................................१

ऐ.ऐ. बस्ने साबित्रा सिंखडा........................................................................१
ऐ.ऐ. बस्ने लक्ष्मण प्रसाद गौतम....................................................................१
ऐ.ऐ. वडा नं. ६ बस्ने गंगा पोख्रेल..................................................................१
ऐ.ऐ. वस्ने खड्गराज बस्नेत.........................................................................१
ऐ.ऐ. वडा नं. ८ को यती एयरलाइन्स डोमेष्टिक प्रा.लि.........................................१
ऐ.ऐ. बस्ने सुशिल कुमार रेग्मी.....................................................................१
ऐ.ऐ. बस्ने योगानन्द बैद्य...........................................................................१
ऐ.ऐ. वडा नं. ७ बस्ने लक्ष्मण प्रसाद घिमिरे....................................................१
ऐ.ऐ. बस्ने रुमन कुमारी घिमिरे.....................................................................१
काठमाण्डौ जिल्ला कपन वडा नं. ३ बस्ने रक्षा कोइराला.......................................१
ऐ.ऐ. बस्ने मनकुमार श्रेष्ठ............................................................................१
ऐ.ऐ. बस्ने दुर्गा बास्कोटा पुडासैनी.................................................................१
ऐ.ऐ. बस्ने राधादेवी गुरुङ्ग...........................................................................१
ऐ.ऐ. बस्ने निर्मला पराजुली (पोखरेल)............................................................१
ऐ.ऐ. बस्ने हुमा कुमारी (पन्त) पाण्डे...............................................................१
ऐ.ऐ. बस्ने आनन्द प्रसाद शर्मा......................................................................१
ऐ.ऐ. बस्ने मिनाक्षी काफ्ले (घिमिरे)...............................................................१
ऐ.ऐ. बस्ने चिनदेवी खड्गी..........................................................................१
ऐ.ऐ. बस्ने भूपेन्द्र प्रसाद घिमिरे......................................................................१
काठमाण्डौ जिल्ला का.म.न.पा. वडा नं. ७ बस्ने माधवी प्याकुरेल..............................१
ऐ.ऐ. बस्ने रजनी सिंह................................................................................१
ऐ.ऐ. बस्ने कान्छा कासिछवा........................................................................१
काठमाण्डौ जिल्ला जोरपाटी वडा नं. ३ बस्ने ध्रुव प्रसाद पुडासैनी..........................१
ऐ.ऐ. बस्ने कृष्ण प्रसाद पुडासैनी.....................................................................१
काठमाण्डौ जिल्ला का.म.न.पा. वडा नं. ७ बस्ने निलम के.सी.................................१
ऐ.ऐ. बस्ने विश्वराम गोर्खाली........................................................................१
ऐ.ऐ. बस्ने उमा खकुरेल..............................................................................१
ऐ.ऐ. वडा नं. ६ बस्ने तोया पोखेल.................................................................१
काठमाण्डौ जिल्ला जोरपाटी वडा नं. ३ बस्ने राधिका देवी श्रेष्ठ..............................१
काठमाण्डौ जिल्ला का.म.न.पा. वडा नं. ७ बस्ने अरुणराज पन्त.............................१

विरुद्ध

गुठी संस्थान, केन्द्रिय कार्यालय त्रिपुरेश्वर, काठमाण्डौं.............................१ विपक्षी

गुठी तहसील, शाखा कार्यालय कालमोचन त्रिपुरेश्वर, काठमाण्डौं...................१
मालपोत कार्यालय चारखाल डिल्लीबजार, काठमाण्डौं.................................१

नेपालको संविधानको धारा ४६ तथा धारा १३३(२) बमोजिम यस अदालतको क्षेत्राधिकार भित्रको प्रस्तुत रिट निवेदन वृहत पूर्ण इजलासमा पेश गर्ने प्रयोजनका लागि सर्वोच्च अदालत नियमावली, २०७४ को नियम २२(२)(च) बमोजिम प्रधान न्यायाधीश समक्ष पेश गर्नु भनी यस अदालतको संयुक्त इजलासबाट मिति २०७४।०९।२६ मा आदेश भई तोकीए बमोजिम यस इजलास समक्ष पेश हुन आएको प्रस्तुत रिटको संक्षिप्त तथ्य र आदेश यसप्रकार छ:

## संक्षिप्त तथ्य

१. हामी तपसीलमा लेखिएका तपसील बमोजिमका कित्ताहरुमा घर बसोबास समेत गरी आएका तथा घर बनाउन बाँकी रहेको पशुपती महास्नान पोता तर्फको गुठी लगतमा दर्ता रहेको साविक देखि मालपोत नगदी तिरो तिरी आएको गुठी संस्थान ऐन, २०३३ को दफा २(ज) ले परिभाषित गरे अनुरुप गुठी रैतानी नम्बरी जग्गाको जग्गा धनी प्रमाणपुर्जा पाएका छौं। विपक्षी गुठी संस्थानबाट गुठी रैतान नम्बरी जग्गाको मालपोत असुली रसिद अन्य रैकर जग्गा धनीले मालपोत तिरे जस्तै मालपोत सरहकै नगदी तिरो बुझाई आएका व्यक्तिहरु हौं।

तपसिल

| सि.नं. | दर्तावाला | जिल्ला न.पा/गा.वि.स | वडा नं. | कि.नं. | क्षेत्रफल | घर कम्पाउण्ड | खाली जग्गा |
|---|---|---|---|---|---|---|---|
| १. | श्रीमती रेणुका ओली | का:जि. का.म.न.पा | ४ सुकेधारा | १७६ | २८०.०९ व.मि | घर कम्पाउण्ड | × |
| २. | श्रीमती गंगादेवी सिटौला | ऐ.ऐ. | ७ मिर्मिरे टोल चावहिल | १६६ | ०–१२–०–० | ऐ.ऐ. | × |
| ३. | श्रीमती उमा न्यौपाने | ऐ.ऐ. | ऐ.ऐ. | ७४ | ०–११–०–३ | ऐ.ऐ. | × |
| ४. | श्रीमती सुजिला ढकाल(पोखेल) | ऐ.ऐ. | ऐ | ४६८ | १२७.१८ व.मि | ऐ.ऐ. | × |
| ५. | श्रीमती ममता दाहाल | ऐ.ऐ. | ऐ | ४६५ | ७९.४९ व.मि. | ऐ.ऐ. | × |
| ६. | श्री निर वहादुर थापा मगर | ऐ.ऐ. | ऐ | ४३१ | १११.२९ ब.मि. | ऐ.ऐ. | × |
| ७. | श्रीमती अरुणा श्रेष्ठ | ऐ.ऐ. | ऐ | ४६६ | ७९.४९ ब.मि. | ऐ.ऐ. | × |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ८. | श्रीमती श्रेया देवकोटा | का.जि. का.म.न.पा. | ७ मैजुवहाल | ४२५ | ०-६-०-० | ऐ.ऐ. | × |
| ९. | श्रीमती डोल्मा शेर्पा | ऐ.ऐ. | ऐ | २५३ | ०-४-०-० | ऐ.ऐ. | × |
| १०. | श्रीमती कालिका देवि मिश्र | ऐ.ऐ. | ऐ | २५४ | ०-८-०-० | ऐ.ऐ. | × |
| ११. | श्रीमती केशरी लक्ष्मी वैद्यको हकमा रमेश कुमार वैद्य | ऐ.ऐ. | ऐ | २५२ | ०-४-२-० | ऐ.ऐ. | × |
| १२. | श्री गोपाल श्रेष्ठ | ऐ.ऐ. | ऐ | २५८ | ०-६-२-० | ऐ.ऐ. | × |
| १३. | श्रीमती मुना पौडेल | ऐ.ऐ. | ऐ | २६० | ०-११-०-१ | ऐ.ऐ. | × |
| १४. | श्री हरिश चन्द्र मैनाली | ऐ.ऐ. | ऐ | ५४५ | २६.३३ व.मि. | ऐ.ऐ. | × |
| १५. | श्री गणेश बहादुर गुरुङ्ग | ऐ.ऐ. | ऐ | २५९ | ०-७-०-० | ऐ.ऐ. | × |
| १६. | श्रीमती शान्ता कुमारी पराजुली | का.जि. का.म.न.पा. | ७ मिमिरि टोल | ३७९, ४१० | ०-१-३-३, ०-२-०-१ | ऐ.ऐ. | × |
| १७. | श्री सुरेश दाश श्रेष्ठ | ऐ.ऐ. | ऐ | ४०९, ३७८ | ०-१-१-०, ०-२-१-० | ऐ.ऐ. | × |
| १८. | श्रीमती बिमला कुमारी न्यौपाने | ऐ.ऐ. | ऐ | ४०७ | ०-३-२-० | ऐ.ऐ. | × |
| १९. | श्रीमती रेशम कुमारी चौलागाई | ऐ.ऐ. | ऐ | ४११ | ०-३-२-० | ऐ.ऐ. | × |
| २०. | श्री ज्ञान प्र.शर्मा न्यौपाने | ऐ.ऐ. | ऐ | ४०६ | ०-३-१-० | ऐ.ऐ. | × |
| २१. | श्रीमती जानकी कुमारी (अधिकारी) खनाल | ऐ.ऐ. | ऐ | ४०८, ३७७ | ०-१-१-०, ०-२-२-० | ऐ.ऐ. | × |
| २२. | नाबालक एकता श्री राणाको हकमा श्रीमती मिरा बस्नेत | ऐ.ऐ. | ऐ | ३७२ | ०-२-२-० | ऐ.ऐ. | × |
| २३. | श्री पुरुषोत्तम | ऐ.ऐ. | ऐ | ३७३ | १-३-२-२ | ऐ.ऐ. | × |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | कुइकेल | | | | | | |
| २४. | श्रीमती मिठू कुमारी कुइकेल र बिनोद कुइकेल | ऐ.ऐ. | ऐ | ३१०, ३११ | ०–१२–३–३ | ऐ.ऐ. | × |
| २५. | श्रीमती साबित्री कुमारी कोइराला | ऐ.ऐ. | ऐ | ४१२ | ०–३–२–० | ऐ.ऐ. | × |
| २६. | श्री ओम हस्पिटल एण्ड रिसर्च सेन्टर | ऐ.ऐ. | ७ चावहिल | १७६, ४२३ | १–०–३–१, ०–१३–२–० | ऐ.ऐ. | × |
| २७. | श्रीमती धर्मकला (प्रसाई) सिवाकोटी | ऐ.ऐ. | ७ मिर्मिरे टोल | ८२ | ०–११–०–३ | ऐ.ऐ. | × |
| २८. | श्री राजन कुमार पोखेल | ऐ.ऐ. | ७ कुमारीगाल | २९७ | ०–८–२–० | ऐ.ऐ. | × |
| २९. | श्री थिर बहादुर कार्की | ऐ.ऐ. | ऐ | ३२४, ३१७ | ०–०–१–२, ०–३–३–२ | ऐ.ऐ. | × |
| ३०. | श्री पाल्देन शेर्पा र छिरिङ्ग शेर्पा | ऐ.ऐ. | ऐ | ३२८, ३३८ | ०–४–३–०, ०–१–२–१ | ऐ.ऐ. | × |
| ३१. | श्रीमती छेसाङ्गमु शेर्पा | ऐ.ऐ. | ६ ऐ | २८७ | ०–५–१–० | ऐ.ऐ. | × |
| ३२. | श्री सिता बस्नेत | ऐ.ऐ. कपन | ६ ऐ | २९९ | १९०.७८ ब.मि. | ऐ.ऐ. | × |
| ३३. | श्रीमती रुपा गिरी | का.जि. का.म.न.पा. | ६ कुमारीगाल | २९६ | ०–४–२–० | ऐ.ऐ. | × |
| ३४. | श्री लकामान रोकाय | का.जि. का.म.न.पा. | ७ मिर्मिरेटोल | १४३ | ०–१३–३–२ | ऐ.ऐ. | × |
| ३५. | श्रीमती लुना (वैद्य) राजभण्डारी | ऐ.ऐ. | ७ गौरीनगर | ५५५ | ०–६–०–० | ऐ.ऐ. | × |
| ३६. | श्री लोकमणी सिन्हा | ऐ.ऐ. | ९ बत्तिसपुतली | ३२८, ३३३, ३५४, ५०१, ५०३, ४९९ | ०–१२–१–२ | ऐ.ऐ. | × |
| ३७. | श्रीमती निर्मला देवी सिंह | ऐ.ऐ. | ऐ.ऐ. | २७७, ३३०, ३३१, ५००, ५०२, ४९८ | ०–९–३–० | ऐ.ऐ. | × |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ३८. | श्रीमती विद्यादेवी तिवारी | ऐ.ऐ. | ऐ.ऐ. | ४५८ | ०-९-०-० | ऐ.ऐ. | × |
| ३९. | श्रीमती बिनिता पोखेल | ऐ.ऐ. | ऐ.ऐ. | ४५९ | ०-३-०-० | ऐ.ऐ. | × |
| ४०. | श्रीमती कल्याणदेवी भट्टराई | ऐ.ऐ. | ऐ.ऐ. | २४६ | ०-५-०-० | ऐ.ऐ. | × |
| ४१. | श्री राजु गुरुङ्ग सिलु तामाङ्ग समेत | ऐ.ऐ. | ऐ.ऐ. | २४९, १७६, ४०६ | ०-४-२-० | ऐ.ऐ. | × |
| ४२. | श्री शारदा नन्द बैद्य | ऐ.ऐ. | ऐ.ऐ. | १९८ | ०-५-०-० | ऐ.ऐ. | × |
| ४३. | श्री अमृतानन्द बैद्य | का.जि. का.म.न.पा. | ९ बत्तिसपुतली | १९९ | ०-५-०-० | ऐ.ऐ. | × |
| ४४. | श्री अमेश्वरा नन्दको हकमा जगदिश श्रवरानन्द बैद्य | ऐ.ऐ. | ऐ.ऐ. | २०० | ०-४-२-३ | ऐ.ऐ. | × |
| ४५. | श्री अच्युता नन्द बैद्य | ऐ.ऐ. | ऐ.ऐ. | २०१, ४७३ | ०-५-१-३ | ऐ.ऐ. | × |
| ४६. | श्रीमती बिमला कुमारी मैनाली | ऐ.ऐ. | ७ गौरीनगर | ५६४ | ०-८-०-१ | ऐ.ऐ. | × |
| ४७. | श्रीमती साबित्रा सिंखडा | ऐ.ऐ. | ७ मैजुबहाल | ४०५ | ०-८-०-० | ऐ.ऐ. | × |
| ४८. | श्री लक्ष्मण प्रसाद गौतम | ऐ.ऐ. | ऐ.ऐ. | ४८४ | ०-३-३-२ | ऐ.ऐ. | × |
| ४९. | श्रीमती गंगा पोखेल | ऐ.ऐ. | ६ कुमारीगाल | २९५, ३२३ | ०-४-०-०, ०-०-१-० | ऐ.ऐ. | × |
| ५०. | श्री खड्गराज बस्नेत | ऐ.ऐ. | ऐ.ऐ. | ३२९ | ०-४-३-१ | ऐ.ऐ. | × |
| ५१. | श्री यती एयरलाइन्स डोमेष्टिक प्रा.लि. | ऐ.ऐ. | ८ तिलगंगा | २३७ | ८९०.२५ ब.मि. | ऐ.ऐ. | × |
| ५२. | श्री सुशिल कुमार रेग्मी | ऐ.ऐ. | ८ मित्रपार्क | ८ | ०-४-०-२ | ऐ.ऐ. | × |
| ५३. | श्री योगानन्द बैद्य | ऐ.ऐ. | ८ जयबागेश्वरी | ३५७ | ०-१०-०-० | ऐ.ऐ. | × |
| ५४. | योगानन्द बैद्य समेत | ऐ.ऐ. | जोरपाटी-९ | २८७, ३५८ | ५२८.५७ ब.मी ०-७-०-२ | ऐ.ऐ. | × |
| ५५. | श्री लक्ष्मण प्रसाद घिमिरे | ऐ.ऐ. | ७ मैजुबहाल | ३१२ | ०-५-१-० | ऐ.ऐ. | × |
| ५६. | श्रीमती रुमन कुमारी घिमिरे | ऐ.ऐ. | ऐ.ऐ. | ३१० | ०-५-२-२ | ऐ.ऐ. | × |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | ऐ.ऐ. | ऐ.ऐ. | ऐ.ऐ. | ३११ | ०–६–०–० | मोही इन्द्र कुमारी | × |
| ५७. | श्रीमती रक्षा कोइराला | ऐ.ऐ. कपन | ३ कपन | १२८ | १५५.३० व.मि. | घर कम्पाउण्ड | × |
| ५८. | श्री मन कुमार श्रेष्ठ | ऐ.ऐ. | ऐ.ऐ. | २८ | १३३.९५ ब.मि. | ऐ.ऐ. | × |
| ५९. | श्रीमती दुर्गा बास्कोटा पुडासैनी | ऐ.ऐ. | ऐ.ऐ. | १५४ | १२९.२० व.मि. | ऐ.ऐ. | × |
| ६०. | श्रीमती राधादेवी गुरुङ्ग | ऐ.ऐ. | ऐ.ऐ. | २६ | २१७.०० व.मि. | ऐ.ऐ. | × |
| ६१. | श्रीमती निर्मला पराजुली (पोखरेल) | ऐ.ऐ. | ऐ.ऐ. | ५१३ | १२७.१८ व.मि. | ऐ.ऐ. | × |
| ६२. | श्रीमती हुमा कुमारी पन्त पाण्डे | ऐ.ऐ. | ऐ.ऐ. | २७ | १५९.३० व.मि. | ऐ.ऐ. | × |
| ६३. | श्री आनन्द प्रसाद शर्मा | ऐ.ऐ. | ऐ.ऐ. | २२६ | १८९.३४ व.मि. | ऐ.ऐ. | × |
| ६४. | श्रीमती मिनाक्षी काफ्ले (घिमिरे) | ऐ.ऐ. | ऐ.ऐ. | १६२ | १३१.२० व.मि. | ऐ.ऐ. | × |
| ६५. | श्रीमती चिनदेवी खड्गी | ऐ.ऐ. | ऐ.ऐ. | २४ | १२७.५० व.मि. | ऐ.ऐ. | × |
| ६६. | श्री भूपेन्द्र प्रसाद घिमिरे | का.जि.कपन | ३ कपन | १२७ | १४४.०० व.मि. | ऐ.ऐ. | × |
| ६७. | श्रीमती माधवी प्याकुरेल | का.जि. का.म.न.पा. | ७ मित्रपार्क | १९०, ३०४ | ०–२–१–२, ०–४–३–२ | ऐ.ऐ. | × |
| ६८. | श्रीमती रजनी सिंह | ऐ.ऐ. | ऐ.ऐ. | ३०३ | ०–२–३–३ | ऐ.ऐ. | × |
| ६९. | श्री कान्छा कासिछ्वा | ऐ.ऐ. | ऐ.ऐ. | २४३ | ०–७–२–३ | ऐ.ऐ. | × |
| ७०. | श्री ध्रुव प्रसाद पुडासैनी र कृष्ण पुडासैनी | का.जि. जोरपाटी | ३ जोरपाटी | ६४, ६५ | २७६.६० व.मि., ७८९.६० व.मि. | ऐ.ऐ. | × |
| ७१. | श्रीमती निलम के.सी | का.जि. का.म.न.पा. | ७ मिर्मिरेटोल | ७५ | ०–१०–२–२ | ऐ.ऐ. | × |
| ७२. | श्री विश्वराम गोर्खाली | ऐ.ऐ. | ७ मित्रपार्क | २२६, २४२ | ०–३–२–३, ०–०–३–० | ऐ.ऐ. | × |
| ७३. | श्रीमती उमा खकुरेल | ऐ.ऐ. | ७ मैजुबहाल | ११६ | ०–९–२–१ | ऐ.ऐ. | × |
| ७४. | श्रीमती तोया पोखेल | ऐ.ऐ. | ६ कुमारीगाल | ५० | ०–२–२–० | ऐ.ऐ. | × |
| ७५. | श्रीमती राधिका देवी | का.जि. | ३ जोरपाटी | ६७ | ६३.०० व.मि., | मोही | × |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | श्रेष्ठ समेत ६ जना | जोरपाटी | | | २४८.४० व.मि. | ध्रुव प्रसाद र कृष्ण प्रसाद पुडासैनी | |
| | ऐ.ऐ. | ऐ.ऐ. | ऐ.ऐ. | ५९, ६०, ५०, ५५ | ४४६.०० व.मि. ३४६.०० ब.मि. | ऐ.ऐ. | ऐ.ऐ. |
| ७६. | श्री अरुण राज पन्त | का.जि. का.म.न.पा. | ७ कालोपुल | ५५ | ०-४-१-३ | घर कम्पाउण्ड | × |

हाम्रा नाउँ दर्ताको उपर्युक्त बमोजिमका जग्गाहरुको मालपोत बुझाउन भनी २०७२ साल पौषमा विपक्षी गुठी तहसील शाखा कार्यालय कालमोचनमा जाँदा यस्तै पोता गुठी दर्तावालाहरुको घरजग्गा गुठी अधिनस्थ हुने भनी मु.स. गर्ने शारदा राजभण्डारी विरुद्ध वेद प्रसाद भट्टराई समेत भएको जोत नामसारी मुद्दामा सर्वोच्च अदालत पूर्ण इजलासबाट मिति २०६८।०९।२९ मा फैसला भएको हुँदा फैसला बमोजिमका जग्गा र सो फैसलामा नपरेका पशुपती महास्नांन गुठी पोता तर्फका सबै जग्गाहरु गुठी अधिनस्थ मानिएकोले साविक बमोजिम नगदी तिरो बुझ्न मिल्दैन। यस्ता सम्पूर्ण जग्गाहरु रोक्का समेत राखिएको छ भन्ने जवाफ पाएकोमा विपक्षी गुठी संस्थान केन्द्रिय कार्यालय तथा मालपोत कार्यालय काठमाण्डौंमा समेत गई बुझ्दा पनि सोहि अनुरुपको जवाफ पाएबाट सो रोक्का राख्ने गरेको निर्णय एवं पत्रहरुको नक्कल माग गर्दा नक्कल दिन मिल्दैन भनियो। बल्ल बल्ल मालपोत कार्यालय चावहिलले सम्म गुठी संस्थान शाखा कार्यालय काठमाण्डौले, मालपोत कार्यालय काठमाण्डौलाई मिति २०७०।१२।१० मा लेखेको पत्रको सम्म नक्कल प्राप्त भएकोमा उक्त पत्र हेर्दा "श्री पशुपती माहास्नान पोता गुठी जग्गा साविक देखिनै नगदी तिरो लागि आएको गुठी रैतान नम्बरी (रैकर सरह) लगत कायम रही सोही बमोजिम तिरो असुल गरिदै आएकोमा सम्मानीत सर्वोच्च अदालत पूर्ण इजलासको मिति २०६८।०९।२९ को फैसलाबाट उक्त गुठी वा जग्गा गुठी अधिनस्थ हुने भन्ने निर्णयमा उल्लेखित जग्गाहरु अधिनस्थ तर्फ लगत कायम भै सकेको सन्दर्भमा फैसलामा नपरेको उक्त गुठीको बाँकी जग्गा साविक बमोजिम रैतान नम्वरी (रैकर सरह) मान्ने वा फैसला बमोजिम अधिनस्थतर्फ कायम गर्ने भन्ने सम्वन्धमा निकासाको लागि पेश भै गएकोमा पशुपती महास्नान पोता गुठीका जग्गा गुठी अधिनस्थ हुने भनी सम्मानित सर्वोच्च अदालतबाट भएको फैसला बमोजिम नै कार्यालयको श्रेस्ता अध्यावधिक गर्ने र सो बमोजिम श्रेस्ता पुर्जा लिन भनी

मिति २०७०।११।२० मा निर्णय भै प.स.का.शा ११९/०७०।७१) च.नं. ९६१ मिति २०७०।११।२२ मा गुठी संस्थान प्रधान कार्यालयको पत्रबाट निर्देशन समेत प्राप्त भए अनुसार यस कार्यालयको च.नं.१७३४ मिति २०७०।११।२५ को पत्रबाट तहाँ कार्यालयलाई रोक्का राख्न लेखि पठाईएको व्यहोरा अवगत भएकै छ। उक्त गुठीका तहाँ कार्यालयसँग सम्बन्धित जग्गाको विवरण साथै छ। यस कार्यालयको लगतबाट विवरणमा उल्लेखित अधिकांश जग्गाहरु हाल साविक हुन बाँकी रहेको तथा साविक कै कित्ताहरु देखिन आएका छन्। अतः श्री पशुपती महास्नान पोता गुठी जनिएका जग्गा जो जसका नाममा जे जस्तो अवस्थामा कायम छ सोही बमोजिम हक हस्तान्तरण लगायतका कार्यहरु हुन नपाउने गरी रोक्का राखी सोको जानकारी अविलम्ब पठाई दिन हुन अनुरोध गर्दछु" भनी उल्लेख भएको रहेछ।

हामीहरुले माथि खुलाएको आ-आफ्नो जग्गाहरुको संस्थानलाई जिन्सी कुत वा जिन्सी कुतलाई नगदीमा वा केहि जिन्सी र केहि नगदीमा कुत बुझाई आएको जग्गा नभै रैकर जग्गामा तोकिए सरह साविक देखि नै नगदी मालपोत बुझाई आएको जग्गा हो।गुठी संस्थान ऐन, २०३३ को दफा २(ज) र दफा ३२ अनुरुप रैतान नम्बरी जनाई साल सालको मालपोत तिरो बुझाई रसिद प्राप्त गरी जग्गाधनी दर्ता प्रमाण पूर्जा पाई पूर्ण स्वामित्व ग्रहण गरी जग्गा भोग चलन गर्दै आएको हो।गुठी अधिनस्थ जग्गा कायम गर्न गुठी संस्थान ऐन, २०३३ को दफा २६(१) को व्यवस्था अनुरुप जिन्सी कुत बुझाई आएको वा केहि नगदी र केहि जिन्सी कुत बुझाई आएको हुनुपर्ने भन्ने कानूनी व्यवस्था रहेकोमा हाम्रो जग्गा त्यस प्रकृतीबाट कुत बुझाई आएको जग्गा होईन। ऐ. ऐनको दफा २(ट) ले परिभाषित गरेको गुठी अधिनस्थ जग्गा सम्म दफा २६(१) को व्यवस्था भित्र पर्दछ। हाम्रो जग्गामा गुठी संस्थान ऐन, २०३३ को दफा २(ज) र २(ट) अनुरुपको विवाद उठेको समेत छैन। अतः विवादको विषयवस्तु तथ्य र कानूनी प्रश्न समान नभएको अवस्थाको नजिरलाई ग्रहण गरी हामीलाई बुझ्दै नबुझी कुनै व्यक्तिको मुद्दामा भएको निर्णयलाई आधार बनाई वैद्य अपेक्षाको सिद्धान्त विपरित मालपोत सरह नगदी तिरो बुझाईएकोमा जिन्सी कुत बुझाउनु पर्छ भन्दै जग्गाको हक हस्तान्तरण समेत गर्न नपाउने गरी जग्गा रोक्का राख्ने गरेको निर्णय लगायतको काम कारवाहीहरुबाट गुठी संस्थान ऐन, २०३३ को दफा ३० ले बेचबिखन हक हस्तान्तरण समेत गर्न पाउने हाम्रो कानून प्रदत्त हक समेत कुण्ठित हुन पुगेको छ। ने.का.प २०६४, अंक १०, नि.नं. ७८८५, पृ.सं. १२७५ मा प्रकाशित नजिरले पनि गुठी संस्थान ऐन, २०३३ को दफा ३२(२) लाई अमान्य तथा बदर घोषणा नगरी यथावत कायम राखेको छ।उक्त दफा ३२(२) को कानूनी व्यवस्था हेरिएमा "गुठी रैतान नम्बरी जग्गामा जग्गावालाको हक र हैसियत प्रचलित कानुन बमोजिम सरकारी रैकर जग्गाको सरह नै हुनेछ" भन्ने छ। अतः रैतान

नम्बरी जग्गा गुठी अधिनस्थ जग्गाभित्र पर्दै पर्दैन। गुठी अधिनस्थ जग्गा हुनलाई गुठी संस्थान ऐन, २०३३ को दफा २(ट) ले परिभाषित गरे अनुरुप हुनुपर्दछ। सो २(ट) को जग्गाको सम्बन्धमा मात्र गुठी संस्थान ऐन, २०३३ को दफा २६(१) बमोजिम बन्दोबस्त एवं संचालन गर्ने हो। ऐ. ऐनको दफा २(ज) ले परिभाषित रैतान नम्बरी जग्गाको सम्बन्धमा ऐ. ऐनको दफा ३२ बमोजिम हक हैसियत प्रदान गरी सरकारी रैकर जग्गाको जग्गाधनी सरह मानिने हुँदा माथि उल्लेख गरिएका नजिर तथा सिद्धान्तहरुको प्रत्यक्ष प्रतिकूल हुने गरी गरिएका निर्णय लगायत सम्पूर्ण काम कारवाहीहरु बदर गरिपाउँ।

यसै सर्वोच्च अदालतबाट विभिन्न मुद्दामा प्रतिपादीत सिद्धान्तहरुको प्रत्यक्ष प्रतिकूल हुने गरी र नेपालको संविधानको धारा १७ को स्वतन्त्रताको हक, धारा १८ को समानताको हक र धारा २५ को सम्पत्ति सम्बन्धी हकमा आघात पुऱ्याई विपक्षी गुठी संस्थान प्रधान कार्यालयले मिति २०७०।११।२० मा गरेको निर्णय र सोका आधारमा मिति २०७०।१२।१० मा विपक्षी मालपोत कार्यालय समेतलाई लेखिएका पत्रहरू समेत उत्प्रेषणको आदेशले बदर गरी रोक्का फुकुवा गरी साबिक बमोजिम तिरो बुझी लिनु र भोग चलन गर्नमा कुनै किसिमको बाधा अडचन पुऱ्याउने कार्यहरू नगर्नु नगराउनु भनी विपक्षीहरूका नाउँमा परमादेश लगायतका उपयुक्त आदेश जारी गरी हाम्रो संवैधानिक एवं कानूनी हकको प्रचलन गराई पाऔं। साथै रिट निवेदनको अन्तिम किनारा नलागेसम्म उक्त मिति २०७०।११।२० को निर्णय तथा मिति २०७०।१२।१० को पत्रको कार्यान्वयन र सो अनुरूप कुनै किसिमको निर्णय समेत नगर्नु नगराउनु भनी विपक्षीहरुको नाउँमा सर्वोच्च अदालत नियमावली, २०४९ को नियम ४१(१) बमोजिम अन्तरिम आदेश समेत जारी गरी पाउँ भन्ने बेहोराको मिति २०७२।१२।११ मा दर्ता भएको रिट निवेदन।

२. यसमा के कसो भएको हो ? निवेदकको माग बमोजिमको आदेश किन जारी हुनु नपर्ने हो ? सो को आधार र कारण भए सो समेत यो आदेश प्राप्त भएको मितिले बाटोका म्याद बाहेक १५ दिन भित्र विपक्षी नं. १ र २ लाई आफै वा आफ्नो कानून बमोजिमको प्रतिनिधि मार्फत र विपक्षी नं. ३ लाई महान्यायाधिवक्ताको कार्यालय मार्फत लिखित जवाफ पेश गर्नु भनी यो आदेश र रिट निवेदनको नक्कल साथै राखी विपक्षीहरुका नाउँमा म्याद सूचना जारी गरी लिखित जवाफ परेपछि वा अवधि नाघेपछि नियम बमोजिम पेश गर्नु। निवेदकले अन्तरिम आदेश समेत माग गरेको सन्दर्भमा विचार गर्दा विपक्षीहरु समेतलाई झिकाई छलफल गरी आदेश हुन उपयुक्त देखिएको हुँदा मिति २०७३।०१।१५ को छलफलमा उपस्थित हुन विपक्षीहरूलाई सूचना दिई गुठी संस्थान केन्द्रीय कार्यालयको मिति २०७०।११।२० को निर्णय तथा मिति

२०७०।१२।१० को पत्र कार्यान्वयन भएमा निवेदकहरूलाई अपुरणीय क्षति पुग्न सक्ने देखिँदा छलफल हुने मितिसम्म सो निर्णय र पत्रको कार्यान्वयन नगर्नु, नगराउनु भनी सर्वोच्च अदालत नियमावली, २०४९ को नियम ४१(१) बमोजिम विपक्षीहरूको नाममा अन्तरिम आदेश जारी गरिदिएको छ। सो को जानकारी विपक्षीहरुलाई दिई नियमानुसार पेश गर्नु भन्ने बेहोराको यस अदालतको मिति २०७२।१२।१५ को आदेश।

३. यसमा विपक्षीले पेश गरेको निवेदन पत्रमा उल्लेख भएका श्रीमती रेणुका ओली समेत जना ७६ समेतका नाममा कायम रहेको काठमाडौं जिल्ला का.म.न.पा. वडा नं. ४ कि.नं. १७६ समेतका जग्गाहरु गुठी संस्थान शाखा कार्यालय कालमोचन, काठमाडौंको च.नं. १८६६ मिति २०७०।१२।१० को पत्रबाट रोक्का राखिएको हो। मालपोत ऐन, २०३४ को दफा ८ख (२) र मालपोत निर्देशिका, २०५८ को परिच्छेद १० को प्रकरण २७९ बमोजिम नै रोक्का राखिएको र सोही अनुसार रोक्का राख्ने कार्यालयले फुकुवा लेखी पठाएमा फुकुवा समेत गरिदिने हुँदा यस कार्यालयलाई विपक्षी बनाई रहनु पर्ने होइन। अतः निवेदकको रिट निवेदन खारेज गरी फुर्सद पाउँ भन्ने बेहोराको मालपोत कार्यालय, डिल्लीबजार, काठमाण्डौको लिखित जवाफ।

४. रिट निवेदनमा दावी लिएको जग्गाहरु गुठी संस्थान अधिनस्थ पशुपती महास्नान पोता गुठीको जग्गा रहे भएको कुरामा विवाद छैन। पशुपती महास्नान पोता गुठीको जग्गाको प्रकृति गुठी अधिनस्थ जग्गा हो वा गुठी रैतान नम्बरी जग्गा हो भन्ने सम्बन्धमा सम्मानित सर्वोच्च अदालतको पूर्ण इजलासबाट मु.स. गर्ने शारदा राज भण्डारी विरुद्ध वेद प्रसाद भट्टराई समेत भएको जोत छुट्याई पाउँ भन्ने मुद्दामा (ने.का.प. २०६९, अंक ३, नि.नं. ८७८०, पृष्ठ ३७८) व्याख्या भई नगदी लिदैमा स्वतः रैतान नम्बरी हुने भन्न नमिल्ने भनी पशुपती महास्नान पोता गुठीका जग्गाहरु अधिनस्थ कायम हुने गरी सिद्धान्त प्रतिपादन भएको छ। सोही कानूनी सिद्धान्त बमोजिम पशुपती महास्नान पोता गुठीको सम्पूर्ण जग्गाहरु गुठी अधिनस्थतर्फ श्रेस्ता कायम गर्न गराउन मिति २०७०।११।२० मा गुठी संस्थान केन्द्रीय कार्यालयबाट निर्णय भई गुठी संस्थान शाखा कार्यालयमा पत्राचार भएको हो।

पशुपती महास्नान पोता गुठीका सबैको हकमा समान रुपमा कानूनको प्रयोग भएको हुँदा नेपालको संविधानको धारा १८(२) को समानताको हक विपरीत निर्णय भएको भन्ने रीट निवेदकको जिकीर सरासर गैरकानूनी छ। गुठी अधिनस्थतर्फ श्रेस्ता र लगत कायम गर्ने भन्ने निर्णय तथा काम कारवाहीबाट रिट निवेदकको कुनै पनि संवैधानिक तथा कानूनी हकमा आघात परेको छैन। गुठी रैतान नम्वरी जग्गा भन्नाले दर्तावालाले संस्थानलाई मालपोत बुझाउनु पर्ने जग्गा सम्झनु पर्दछ भनी गुठी संस्थान

ऐन, २०३३ को दफा २(ज) ले गुठी रैतान नम्बरी जग्गाको परिभाषित गरेको छ। गुठी संस्थान ऐन, २०३३ को तत्कालीन दफा ३६ मा गुठी जग्गा कमाउने दर्तावाला मोहीले सो जग्गा आफ्नो नाउँमा गुठी रैतान नम्वरी जग्गामा परिणत गरी दर्ता गराउन चाहेमा निजले तोकिएको रकम तोकिए बमोजिम संस्थानमा बुझाएमा सो जग्गा संस्थानले निजको नाउँमा गुठी रैतान नम्वरीमा दर्ता गरी दिनेछ भन्ने कानूनी व्यवस्था रहेको थियो। सो कानूनी व्यवस्था अनुसार रैतान नम्बरी जग्गामा परिणत गराएको जग्गाको हैसियत रैकर सरह हुने र गुठी संस्थानलाई दर्तावालाले मालपोत बुझाउने व्यवस्था रहेको थियो। गुठी संस्थान ऐन, २०३३ को दफा ३६ रिट निवेदक अधिवक्ता प्रकाशमणि शर्मा विरुद्ध नेपाल सरकार समेत भएको उत्प्रेषण मुद्दामा सम्मानित अदालतको विशेष इजलासबाट मिति २०६४।१०।१० मा भएको आदेशबाट खारेज भईसकेको हुँदा हाल गुठी रैतान नम्बरी हुने व्यवस्था छैन। रिट निवेदकले गुठी संस्थान ऐन, २०३३ को तत्कालीन दफा ३६ बमोजिम रकम तिरी गुठी रैतान नम्बरीमा परिणत गराएको जग्गा हो भन्न सक्नु भएको पनि छैन। त्यसरी रैतान नम्बरीमा परिणत भएको पनि होइन।

गुठी संस्थान ऐन, २०३३ को दफा ३२(२) बमोजिम गुठी रैतान नम्बरी जग्गामा जग्गावालाको हक र हैसियत प्रचलित कानून बमोजिम सरकारी रैकर जग्गाको सरह हुने कानुनी व्यवस्था रहेको छ भने गुठी अधिनस्थ प्रकृतिको जग्गाको हैसियत गुठी रैतान नम्बरी जग्गाको भन्दा भिन्न र फरक प्रकृतिको रहेको छ। गुठी अधिनस्थ जग्गामा जग्गाधनी महलमा सम्बन्धित गुठीको नाम कायम रहने र जग्गा भोगचलन गर्ने वास्तविक जोताहा किसानको नाउँ दर्ता स्रेस्ताको मोही महलमा रहने हुन्छ। गुठी अधिनस्थ जग्गा कमाउने व्यक्तिले प्रचलित कानून बमोजिम दररेट बमोजिम गुठी संस्थानमा जिन्सी कुत बुझाउनुपर्ने हुन्छ। जग्गा कमाउने व्यक्तिको हक हैसियत जग्गावाला सरह नभई मोही सरह हुन्छ। सम्मानित सर्वोच्च अदालतको पूर्ण इजलासबाट पशुपति महास्नान पोता गुठीको जग्गाको प्रकृति र हैसियत निर्धारण भइसकेको परिप्रेक्ष्यमा राजगुठीको सञ्चालन बन्दोबस्त व्यवस्था गर्ने, राजगुठीको जग्गाको प्रचलित कानून बमोजिम दर्ता स्रेस्ता अद्यावधिक गराई संरक्षण सम्बर्धन गरी तिनैको आयस्ताबाट गुठीको यावत धार्मिक कार्य सञ्चालन गर्नुपर्ने जिम्मेवारी र दायित्व रहेको गुठी संरचनाबाट सम्मानित सर्वोच्च अदालतले गरेको कानूनी व्याख्याको अनदेखा गरी बस्न मिल्ने हुदैन। अदालतको फैसला बमोजिम राजगुठीका जग्गाको स्रेस्तापूर्जा कायम गर्ने गराउने कर्तव्य र दायित्व गुठी संस्थान ऐन, २०३३ को दफा १७ मा निहित छ। सम्मानित सर्वोच्च अदालतको पूर्ण इजलासको मिति २०६८।०९।२९ को फैसलाबाट पशुपति महास्नान पोता गुठीको जग्गा गुठी अधिनस्थ हुने भन्ने निर्णय भई निर्णयमा

उल्लेखित जग्गाहरु अधिनस्थतर्फ लगत कायम भइसकेको अवस्थामा फैसलामा नपरेको उक्त गुठीको बाँकी जग्गा साविक बमोजिम रैतान नम्बरी (रैकर सरह) मान्ने वा फैसला बमोजिम अधिनस्थतर्फ कायम गर्ने भन्ने सम्बन्धमा निकासाका लागि गुठी संस्थान शाखा कार्यालयबाट पेश भएकोमा सम्मानित सर्वोच्च अदालतबाट भएको फैसला बमोजिम नै कार्यालयको स्रेस्ता अद्यावधिक गर्ने र सो बमोजिम स्रेस्ता पूर्जा लिने भनी मिति २०७०।११।२० मा गुठी संस्थान केन्द्रीय कार्यालयबाट निर्णय भई गुठी संस्थानबाट शाखा कार्यालयमा च.नं. ९६१ मिति २०७०।११।२२ को पत्रबाट लेखी गएको र सो निर्णय कार्यान्वयन गर्ने गराउने प्रकृयाका सिलसिलामा श्री पशुपति महास्नान पोता गुठी जनिएका सबै जग्गा तत्काल रोक्का राख्न गुठी संस्थान, शाखा कार्यालय काठमाण्डौको च.नं. १७३४ मिति २०७०।११।२५ को पत्रबाट मालपोत कार्यालयमा पत्राचार भएकोले गुठी रैतान नम्बरीतर्फका स्रेस्तापूर्जालाई सर्वोच्च अदालतको उल्लेखित नजिर बमोजिम गुठी अधिनस्थतर्फ कायम गरी लगत कसी स्रेस्ता पूर्जा तयार गर्ने गराउने कार्य सम्पन्न भएपछि स्वतः फुकुवा समेत हुने नै छ।

रिट निवेदनमा उल्लेखित ने.का.प. २०६१, अंक २, ७३३३ पृ. १९५ मा प्रकाशित नजिर संयुक्त इजलासको नजिर हो। सम्मानित सर्वोच्च अदालतको पूर्ण इजलासबाट यसै पशुपति महास्नान पोता गुठीको जग्गाका सम्बन्धमा सिद्धान्त प्रतिपादन भएको हुँदा ने.का.प २०६१ को उक्त नजिर प्रस्तुत मुद्दामा आकृष्ट हुँदैन। रिट निवेदकले प्राकृतिक न्यायको सिद्धान्तको विपरित रोक्का राखिएको भन्ने समेतको जिकिर लिनु भएको रहेछ। सर्वोच्च अदालतको पूर्ण इजलासको नजिर बमोजिम पशुपती महास्नान पोता गुठीका श्रेस्ताहरु अधिनस्थतर्फ कायम गरी लगत कसी श्रेस्ता पुर्जा तयार गर्ने कार्य सम्पन्न भएपछि स्वतः फुकुवा हुने हुँदा अन्य व्यक्तिहरुलाई झन्झट नहोस् भन्ने सदासयबाट अल्पकालीन रुपमा रोक्का राखिएको सम्म हो। रिट निवेदकहरुले गुठी अधिनस्थ तर्फको श्रेस्ता कायम गरी रोक्का फुकुवा गरी पाउँ भनी गुठी कार्यालयमा निवेदन दिएको अवस्थामा सोही दिनमा नै रोक्का फुकुवा हुने अवस्था विद्यमान छ। अर्को तर्फ रोक्का राखिएको विषयमा असाधारण अधिकार अन्तर्गत रिट क्षेत्रमा प्रवेश गर्न मिल्दैन। मालपोत ऐन, २०३४ को दफा ८ख र दफा ३१ को कानूनी व्यवस्था अनुसार पुनरावेदन अदालतमा पुनरावेदन गर्न सक्नु पर्ने थियो। वैकल्पिक उपचारको मार्ग हुँदा हुँदै रिट क्षेत्रबाट हेर्न नमिल्ने हुँदा रिट निवेदन खारेज भागि छ भन्ने बेहोराको गुठी संस्थान प्रधान कार्यालय र गुठी संस्थान शाखा कार्यालय कालमोचन, त्रिपुरेश्वरको तर्फबाट पेश भएको संयुक्त लिखित जवाफ।

५. यसमा मिति २०७०।११।२० को निर्णय, मिति २०७०।१२।१० को पत्र तथा जग्गाको भौतिक स्वरुप स्वामित्व परिवर्तन नहुने गरी जे जस्तो अवस्थामा छ यथावत

राखी कानून बमोजिम गर्नु गराउनु भनी विपक्षीहरुको नाममा मिति २०७२।१२।१५ मा जारी अन्तरिम आदेशलाई निरन्तरता प्रदान गरिदिएको छ। कानून बमोजिम गरी पेश गर्नुहोला भनी यस अदालतबाट मिति २०७३।०२।२३ मा भएको आदेश।

६. यसमा पशुपती महास्नान गुठी र पशुपती महास्नान पोता गुठी भनी अलग अलग लगतको जग्गाको विवाद देखिएको छ। यस अदालतको पूर्ण इजलासबाट मिति २०६८।०९।२९ मा नारायण प्रसाद राजभण्डारीको मु.स. गर्ने शारदा राजभण्डारी विरुद्ध बेदप्रसाद भट्टराई समेत भएको ०६६-DF-००१० को जोतनामसारी मुद्दामा भएको फैसलाको आधारमा निवेदकहरुले उक्त फैसला हुनु पूर्व नै रैतान नम्बरी गरी जग्गा धनी दर्ता प्रमाण पुर्जा प्राप्त गरी सकेको जग्गाहरुलाई समेत सोही मिति २०६८।०९।२९ को फैसलाको आधारमा गुठी अधिनस्थ कायम गर्ने गरेको देखियो। प्रस्तुत विवादमा पशुपती महास्नान गुठी र पशुपती महास्नान पोता गुठी जग्गाको कानूनी हैसियतका सम्बन्धमा जटिलता देखिएको छ। उक्त पूर्ण इजलासबाट भएको फैसलामा सो विषयमा व्याख्या भएको नदेखिएको र उक्त फैसला पूर्व नै रैतान नम्बरी कायम भैसकेको जग्गाका जग्गा धनीहरुलाई सुनुवाईको मौका नदिई र पशुपती महास्नान पोता गुठीका जग्गा समेत गुठी संस्थान अधिनस्थ राख्ने गरी भएको गुठी संस्थान केन्द्रीय कार्यालयको निर्णय वृहत पूर्ण इजलासबाट निरुपण हुनुपर्ने देखिन आएकोले सर्वोच्च अदालत नियमावली, २०७४ को नियम २२ को उपनियम (२) को खण्ड (च) बमोजिम प्रस्तुत रिट निवेदन र साथै पेश हुन आएका रिट निवेदनहरु वृहत पूर्ण इजलास समक्ष पेश गर्ने व्यवस्थापनको लागि आदेश गरिदिएको छ भन्ने बेहोराको यस अदालतको संयुक्त इजलासको मिति २०७४।०९।२६ को आदेश।

७. यसमा मिति २०७८।०९।२२ तथा मिति २०७८।११।१२ को पूर्व आदेश बमोजिमको मिति २०४१।१२।१५ को निर्णय फायल पेश हुन आएको देखिएन। मिसिल संलग्न काठमाडौं गुठी तहसिल कार्यालयको आ.व. २०४१/०४२ को धरौटी टिप्पणी रसिदको छायाँप्रतिबाट मिति २०४१।१२।१५ मा काठमाडौं गुठी तहसिल कार्यालयबाट टिप्पणी सदर (निर्णय) भएको र पशुपती महास्नान पोता गुठी नं. ५११/४१३ भगवानस्थान गा.पं. वडा नं. ६ कि.नं. ९३, ९४ को क्षे.फ. ०-१२-०, १-४-० जग्गा प्रेमरत्न शाक्यको नाममा नामसारी भएको भनी उल्लेख भएको देखिन्छ। कि.नं.९३ को ०-१२-० जग्गा मालपोत कार्यालय चावहिलबाट मिति २०६०।०७।१९ मा नामसारी हा.सा. भएको भन्ने तथ्य समेत गुठी संस्थान केन्द्रिय कार्यालयको मिति २०६८।०४।२७ को टिप्पणी बेहोरामा उल्लेख भएको पाइयो। यसरी मिसिल कागजातबाट बेहोरा खुलेको अवस्थाको लिखत प्रमाण अदालतले माग गरेको अवस्थामा तत्काल पेश गर्नु सम्बन्धित कार्यालय प्रमुखको कर्तव्य बन्दछ। गुठी

संस्थानको तर्फबाट सो बमोजिमको जिम्मेवारी पुरा गरेको देखिएन। यसबाट मुद्दा निरुपण प्रकृया अनावश्यक रुपमा लम्बिन गएको देखिन्छ। तसर्थ अब यसमा काठमाडौं गुठी तहसिल कार्यालयका कार्यालय प्रमुख स्वयमले यो आदेशको जानकारी पाएको मितिले १५ दिनभित्र उल्लेखित मिति २०४१।१२।१५ को मिसिल जहाँ छ, खोजी गरी पत्ता लगाई उक्त निर्णय फायल लिई यस अदालतमा आफैं हाजिर हुन आउनु भनी लेखी पठाउनु र लगाउको मुद्दाहरु साथै राखी नियमानुसार गरी पेश गर्नू भन्ने बेहोराको यस अदालतको मिति २०७९।१।१५ को आदेश।

८. मिति २०७९।१।१५ को आदेशानुसारको मिसिल खोजतलास गर्दा फेला नपरेको र २०७२ सालको भुकम्पमा परी धेरै जसो अभिलेख नष्ट भएकोमा माग भएको मिसिल समेत नष्ट भएको हुन सक्ने हुँदा अब फेला पर्ने सम्भावना छैन। कार्यालयको कारण न्याय सम्पादनमा पर्न गएको असुविधा प्रति क्षमायाचना सहीत आफै उपस्थित भएको छु भनी गुठी संस्थान शाखा कार्यालय काठमाण्डौका प्रमुखको च.नं. ४०३६ मिति २०७९।०२।१० को पत्र।

## यस अदालतको आदेश

९. नियम बमोजिम दैनिक पेशी सूचीमा चढी आज यस इजलास समक्ष पेश हुन आएको प्रस्तुत रिट निवेदनमा निवेदकहरुका तर्फबाट उपस्थित विद्वान बरिष्ठ अधिवक्ता श्री श्यामप्रसाद खरेलले पशुपति महास्नान गुठी र पशुपति महास्नान पोता गुठी भिन्न भिन्न गुठी हुन। गुठी संस्थानले मिति २०७०।११।२० को निर्णय बमोजिम मा.पो.का चावहिल र मा.पो.का. डिल्लीबजारलाई मिति २०७०।१२।१० मा पत्र लेखी निवेदकहरुको जग्गा रोक्का राखेको छ।जसमा नारायण प्रसाद राजभण्डारीको मु.स. गर्ने शारदा राजभण्डारी प्रत्यर्थी बेदप्रसाद भट्टराई समेत भएको जोत छुट्याई पाउँ भन्ने ०६६-DF-०००९ समेतको मुद्दामा यस अदालतको पूर्ण इजलासबाट मिति २०६८।०९।२९ मा भएको फैसलालाई आधार मानिएको छ।जबकी उक्त फैसलामा निवेदकहरुको जग्गाका सम्बन्धमा केही बोलिएको छैन।उक्त फैसला judgement in rem हो वा Judgement in personam के हो भन्ने प्रश्नमा स्पष्ट हुनु पर्दछ।पूर्ण इजलासबाट मिति २०६८।०९।२९ मा भएको फैसला सम्बन्धित पक्षहरुको हकमा आकर्षित हुने हो।पक्ष नै नबनाइएका निवेदकहरुको हकमा उक्त फैसला आकर्षित हुने होईन। उक्त फैसलामा नपरेका यी निवेदकहरुको दर्तावाला रैतानी नम्बरी गुठीका जग्गाहरुलाई पनि गुठी अधिनस्थ कायम गर्ने प्रयोजन भनी साविक देखिनै मालपोत तिरी निवेदकहरुले भोग चलन गरी आएका जग्गाहरुका सम्बन्धमा निवेदकहरुलाई नबुझी निजहरुको जग्गा रोक्का राख्न पत्राचार गरिएको कार्य गुठी सम्बन्धि ऐन कानून, सर्वोच्च अदालतबाट प्रतिपादीत

सिद्धान्त, न्यायका मान्य सिद्धान्त, नजिरका सिद्धान्त समेतको प्रतिकूल हुँदा उत्प्रेषणको आदेशले बदर गरीपाउँ भनी बहस प्रस्तुत गर्नुभयो।

१०. निवेदकहरुकै तर्फबाट उपस्थित विद्वान बरिष्ठ अधिवक्ता श्री हरिप्रसाद उप्रेतीले पूर्ण इजलासबाट मिति २०६८।०९।२९ मा भएको फैसला मुद्दामा भएको हो र उक्त मुद्दामा निवेदकहरुको उपस्थिती छैन। नजिरका तत्व (element) अनुसार उक्त मुद्दामा भएको फैसला प्रस्तुत रिटमा नजिरको रुपमा आकर्षित हुदैन। गुठी संस्थानबाट मिति २०४४।०९।३ मा भएको निर्णय आधिकारीक हो। तसर्थ गुठी संस्थानको मिति २०७०।११।२० को निर्णय कानून सम्मत परीक्षण गरिनुपर्छ भनी बहस प्रस्तुत गर्नुभयो।

११. निवेदकहरुकै तर्फबाट उपस्थित विद्वान बरिष्ठ अधिवक्ता श्री श्याम प्रसाद ढुंगेलले गुठी संस्थानले गरेका निर्णयहरु ऐतिहासिक दस्तावेजका रुपमा रहेका हुन्छन्।तिनै कुराहरुलाई गुठी सम्बन्धी ऐनले व्यवस्था गरेको हो। साविक देखि नै नगद तिरो असुल गरिदै आएकोमा यस अदालतको पूर्ण इजलासबाट अन्य व्यक्तिहरुका बीचमा चलेको मुद्दमा मिति २०६८।०९।२९ मा भएको निर्णय बमोजिम भनी उक्त फैसलामा नपरेका यी निवेदकहरुको दर्तावाला रैतानी नम्बरी गुठीका जग्गाहरुलाई पनि गुठी अधिनस्थ कायम गर्ने गरी निवेदकहरुलाई नबुझी गुठी संस्थानले गरेको निर्णय एवम रोक्का राख्न गरेको पत्राचारले अन्यौलता निम्त्याएको छ। गुठी संस्थानले मिति २०७०।११।२० मा गरेको निर्णय र सो बमोजिम रोक्का राख्न गरेको पत्राचार कानून सम्मत नहुँदा उत्प्रेषणको आदेशले बदर गरीपाउँ भनी बहस प्रस्तुत गर्नु भयो।

१२. निवेदकहरुकै तर्फबाट उपस्थित विद्वान अधिवक्ता श्री आर्या श्रेष्ठले मिति २०६८।०९।२९ मा पूर्ण इजलासबाट भएको फैसला उक्त मुद्दाका पक्षहरुको लागि मात्र आकर्षित हुने हो। गुठी रैतानी जग्गा गुठी संस्थान ऐन, २०३३ को दफा ३२ संग सम्बन्धित छ। गुठी अधिनस्थको जग्गामा मालपोत लिईदैन गुठी रैतानीमा मात्र मालपोत लिईन्छ।तसर्थ मालपोत तिरो तिरेको जग्गा हुँदा रैकर हो भन्ने स्पष्ट छ। व्यक्तिको आवासको हकमा समेत आघात पर्ने गरी गुठी संस्थानबाट मिति २०७०।११।२० मा भएको निर्णय एवम रोक्का राख्न गरेको पत्राचार कानून सम्मत नहुँदा उत्प्रेषणको आदेशले बदर गरी साविक बमोजिम मालपोत लिने गरी परमादेशको आदेश जारी गरीपाउँ भनी बहस प्रस्तुत गर्नुभयो।

१३. विपक्षी मालपोत कार्यालय चारखाल डिल्लीबजार काठमाण्डौका तर्फबाट उपस्थित विद्वान सहन्यायाधिवक्ता श्री हरि प्रसाद रेग्मीले पशुपति महास्नान पोता गुठी अन्तर्गतका जग्गाहरुका सम्बन्धमा नारायण प्रसाद राजभण्डारीको मु.स. गर्ने शारदा राजभण्डारी प्रत्यर्थी बेदप्रसाद भट्टराई समेत भएको जोत छुटयाई पाउँ भन्ने समेतको मुद्दामा यस

अदालतको पूर्ण इजलासबाट मिति २०६८।०९।२९ मा भएको फैसला समेतका आधारमा गुठी संस्थानले रोक्का राख्नु भनी लेखेको पत्र बमोजिम मालपोत कार्यालयले रोक्का राखेको हो। रोक्का फुकुवाको लागि आधिकारिक निकायबाट लेखी आएमा कानून बमोजिम फुकुवा हुने नै हुँदा मालपोत कार्यालयको हकमा रिट निवेदन खारेज भागि छ, खारेज गरीपाउँ भनी गर्नु भएको बहस सुनियो।

१४. विपक्षी गुठी संस्थान केन्द्रिय कार्यालय त्रिपुरेश्वर समेतका तर्फबाट उपस्थित विद्वान बरिष्ठ अधिवक्ता श्री ज्ञानेन्द्र प्रसाद पोखरेलले नारायण प्रसाद राजभण्डारीको मु.स. गर्ने शारदा राजभण्डारी प्रत्यर्थी बेदप्रसाद भट्टराई समेत भएको जोत छुट्याई पाउँ भन्ने समेतको मुद्दामा यस अदालतको पूर्ण इजलासबाट मिति २०६८।०९।२९ मा भएको फैसलामा गुठी संस्थान ऐन, २०३३ को दफा २६ समेतको व्याख्या गरिएको छ। उक्त मुद्दामा उल्लेख भएका जग्गा र प्रस्तुत रिटमा दावी गरिएको जग्गा एउटै हो। एउटै विषयमा पहिले नै फैसला भैसकेको कुरालाई लिएर फेरी दावी गर्न मिल्ने होईन। यसमा Right to Property को रुपमा नभई trust र beneficiary हितमा आधारीत भएर व्याख्या गरिनुपर्छ। गुठी संस्थानले फैसला कार्यान्वयनको लागि गुठी अन्तर्गतका जग्गाहरु रोक्काको लागि लेखिएको पत्रले निवेदकहरुको हकमा कुनै पनि आघात पारेको मान्न मिल्दैन। रिट निवेदन खारेज गरीपाउँ भनी बहस गर्नुभयो।

१५. गुठी संस्थान केन्द्रिय कार्यालय त्रिपुरेश्वर समेतका तर्फबाट उपस्थित विद्वान अधिवक्ता श्री हेमराज सुवेदीले गुठी संस्थानका कार्यकारी अध्यक्षले मिति २०३९।०१।०३ मा पशुपति महास्नान पोता गुठी सम्बन्धमा गरेको निर्णय प्रचलित कानून बमोजिम भएको र सो निर्णय कुनै निकायबाट बदर नभएको अवस्थामा नारायण प्रसाद राजभण्डारीको मु.स. गर्ने शारदा राजभण्डारी प्रत्यर्थी बेदप्रसाद भट्टराई समेत भएको जोत छुट्याई पाउँ भन्ने समेतको मुद्दामा यस अदालतको पूर्ण इजलासबाट मिति २०६८।०९।२९ मा भएको फैसला समेतलाई आधार मानी रोक्काको लागि लेखिएको पत्रले निवेदकहरुको हकमा कुनै पनि आघात पारेको मान्न मिल्दैन। रिट निवेदन खारेज गरीपाउँ भनी बहस गर्नुभयो।

१६. उपर्युक्त बमोजिमको बहस सुनी मिसिल अध्ययन गरी हेर्दा, पशुपती महास्नान पोतातर्फको गुठी लगतमा दर्ता रहेको साविक देखि मालपोत नगदी तिरो तिरी आएको गुठी संस्थान ऐन, २०३३ को दफा २(ज) ले परिभाषित गरे अनुरुप गुठी रैतानी जग्गाको जग्गाधनी प्रमाण पूर्जा प्राप्त गरी गुठी रैतानी नम्बरी जग्गाको अन्य रैकर जग्गा धनीले मालपोत तिरे जस्तै मालपोत सरहकै नगदी तिरो बुझाउँदै आइरहेकोमा हामीलाई कुनै कुरा राख्ने मौका समेत नदिई प्राकृतिक न्यायको सिद्धान्त विपरित विवादको विषय र तथ्य नै फरक रहेको अरु नै मुद्दामा सर्वोच्च अदालतबाट मिति २०६८।०९।२९ मा भएको फैसला बमोजिम भनी हाम्रो जग्गालाई गुठी अधिनस्थ कायम गरी हक

हस्तान्तरण हुन नपाउने गरी रोक्का राखी सर्वोच्च अदालतबाट प्रतिपादीत सिद्धान्तहरु विपरीत हुने गरी र हाम्रो संवैधानिक एवं कानूनी हकमा आघात पुऱ्याई विपक्षी गुठी संस्थान प्रधान कार्यालयले मिति २०७०।११।२० मा गरेको निर्णय र सोको आधारमा मिति २०७०।१२।१० मा विपक्षी मालपोत कार्यालय समेतलाई लेखिएको पत्रहरु समेत उत्प्रेषणको आदेशले बदर गरी रोक्का फुकुवा गरी साविक बमोजिम तिरो बुझी लिन भोग चलन गर्न वा कुनै किसिमको बाधा अड्चन पुऱ्याउने कार्यहरु नगर्नु नगराउनु भनी विपक्षीहरुका नाममा परमादेश लगायतका उपयुक्त आदेश जारी गरी पाउँ भन्ने बेहोराको रिट निवेदन रहेछ। रिट निवेदकहरुको संवैधानीक तथा कानूनी हकमा आघात पर्ने कुनै काम कारवाही भएको छैन। सर्वोच्च अदालतको पूर्ण इजलासको नजिर बमोजिम पशुपती महास्नान पोता गुठीका श्रेस्ताहरु अधिनस्थतर्फ कायम गरी लगत कसी श्रेस्ता पुर्जा तयार गर्ने कार्य सम्पन्न भएपछि स्वतः फुकुवा हुने हुँदा अन्य व्यक्तिहरुलाई झन्झट नहोस् भन्ने सदासयबाट अल्पकालीन रुपमा रोक्का राखिएको सम्म हो। रिट निवेदकहरुले गुठी अधिनस्थ तर्फको श्रेस्ता कायम गरी रोक्का फुकुवा गरी पाउँ भनी गुठी कार्यालयमा निवेदन दिएको अवस्थामा सोही दिनमा नै रोक्का फुकुवा हुन सक्ने हुँदा आदेश जारी गर्नु पर्ने अवस्था छैन भन्ने बेहोराको लिखित जवाफ रहेको पाईन्छ।

१७. उपर्युक्त बमोजिमको तथ्य एवम बहस रहेको प्रस्तुत रिटमा मूलतः निम्न प्रश्नहरुमा केन्द्रित भई निर्णय दिनुपर्ने देखियो।

(क) गुठीका सम्बन्धमा नेपाली कानूनी व्यवस्था के कस्तो रहेको छ ? र पशुपति महास्नान पोता गुठीको जग्गाको कानूनी हैसियत के हो ?

(ख) यस अदालतको पूर्ण इजलासबाट मिति २०६८।०९।२९ मा भएको फैसला Judgement in personam हो वा Judgement in rem के हो ?

(घ) निवेदन माग बमोजिमको आदेश जारी हुनु पर्ने हो वा होईन ?

१८. निर्णयतर्फ बिचार गर्दा, निवेदकहरुले पशुपति महास्नान पोता गुठी अन्तर्गतको जग्गाहरु गुठी संस्थान ऐन, २०३३ को दफा २(ज) ले परिभाषित गरे अनुरुप गुठी रैतानी नम्बरी जग्गाको जग्गाधनी प्रमाणपुर्जा समेत पाएको र उक्त गुठी रैतानी नम्बरीको जग्गाको मालपोत गुठी संस्थानलाई जिन्सी कुत वा जिन्सी कुतलाई नगदीमा वा केही जिन्सी र केही नगदीमा कुत बुझाई आएको जग्गा नभै रैकर जग्गामा तोकिए सरह साविक देखि नै नगदीमा मालपोत बुझाई आएको आफ्नो स्वामित्वको जग्गा हो भनी दावी गरेकोमा सो सम्बन्धमा विचार गर्दा, सर्व प्रथम गुठी भनेको के हो? गुठी कति प्रकारका हुन्छन्? र तिनको कानूनी हैसियत के हो? गुठीका सम्बन्धमा नेपाली कानूनी व्यवस्था के कस्तो रहेको छ? भन्ने सम्बन्धमा स्पष्ट हुनु पर्ने देखिन्छ। "गुठी भन्नाले कुनै मठ वा कुनै देवी देवताको पर्व, पूजा वा जात्रा चलाउन वा कुनै धार्मिक वा परोपकारी कामको लागि कुनै

मन्दिर देवस्थल, धर्मशाला, पाटी, पौवा, इनार, पोखरी, तलाउ, धारा, पियाउ, बाटो, घाट, पुल, चौतारा, गौचरन, बाग, बगैचा, जङ्गल, पुस्तकालय, पाठशाला, औषधालय, चिकित्सालय, घर, इमारत वा संस्था बनाउन, चलाउन वा त्यसको संरक्षण गर्न कुनै दाताले आफ्नो चल अचल सम्पत्ति वा आयास्ता आउने अरु कुनै सम्पत्ति वा रकममा आफ्नो हक छाडी राखेको गुठी सम्झनुपर्छ"[1] भन्ने देखिन्छ। गुठी संस्थान ऐन, २०३३ को दफा २ का अन्य विभिन्न खण्डमा राजगुठी, छुट गुठी, निजी गुठी भनी गुठीका प्रकारहरुको उल्लेख भएको पाईन्छ। उक्त ऐनमा "राजगुठी" भन्नाले गुठी संस्थान ऐन, २०३३ प्रारम्भ हुँदाको अवस्थामा गुठी संस्थानको हक दायित्व भई गुठी संस्थानले बन्दोवस्त र संचालन गरी आएको राजगुठी सम्झनुपर्छ।[2] "छुट गुठी" भन्नाले आयस्ताबाट गुठीको पूजा, पर्व इत्यादि दानपत्र लिखत बमोजिमको काम चलाई बाँकी रहेको गुठीको शेष कसर वा सलामीसम्म राजगुठीमा बुझाउने गरी वा गुठी चलाउनेले नै शेष खाने गरी गुठी संस्थान ऐन, २०२१ प्रारम्भ हुनु अगावै सरकारी गुठी लगतमा गुठी दर्ता गराई वा दर्ता गराउनु पर्ने गरी त्यस्तो गुठीको जग्गाको नेपाल सरकारलाई बुझाउनु पर्ने मालपोत वा तिरो बुझाउनु नपर्ने गराई र गुठीको दर्ता गुठीयारले नै गुठी चलाउन पाउने गरी छुट पाएको गुठीलाई सम्झनुपर्छ।[3] "निजी गुठी" भन्नाले राजगुठी र छुट गुठी बाहेकको दुनियाँको निजी गुठी सम्झनुपर्छ[4] भनी उल्लेख भएको पाईन्छ। तेसै गरी "गुठी रैतान नम्बरी जग्गा" भन्नाले दर्तावालाले संस्थानलाई मालपोत बुझाउनु पर्ने जग्गा,[5] "गुठी नम्बरी जग्गा" भन्नाले संस्थानले जग्गावालाको हैसियतले नेपाल सरकारलाई मालपोत बुझाउनु पर्ने जग्गा,[6] "गुठी तैनाथी जग्गा" भन्नाले कसैको नाममा दर्ता नभएको गुठी संस्थानको सम्पूर्ण अधिकार रहेको जग्गा,[7] "गुठी अधीनस्थ जग्गा" भन्नाले दर्तावालाले संस्थानलाई जिन्सी बुझाई आएको जग्गा[8] सम्झनुपर्छ भनी उल्लेख भएको पाईन्छ।

१९. पशुपति महास्नान पोता गुठी अन्तर्गतका जग्गाहरुको हैसियतका सम्बन्धमा गुठी संस्थानका तत्कालिन कार्यकारी अध्यक्षबाट मिति २०३९।०१।०३ मा पशुपति महास्नान पोता गुठी अन्तर्गत पोता लगतमा दर्ता भएका सवै जग्गामा तिरोको हकमा नगदी लिने परम्परालाई कायम राख्दै जग्गाको हकमा गुठी अधिनस्थ नै कायम गरी राख्ने भनी निर्णय भएको पाईन्छ। उक्त निर्णय कहीं कतैबाट बदर नभएको अवस्था हुँदा

---

[1] दफा २ को खण्ड (ग), गुठी संस्थान ऐन,२०३३
[2] दफा २ को खण्ड (घ), गुठी संस्थान ऐन,२०३३
[3] दफा २ को खण्ड (ङ), गुठी संस्थान ऐन,२०३३
[4] दफा २ को खण्ड (च), गुठी संस्थान ऐन,२०३३
[5] दफा २ को खण्ड (ज), गुठी संस्थान ऐन,२०३३
[6] दफा २ को खण्ड (झ), गुठी संस्थान ऐन,२०३३
[7] दफा २ को खण्ड (ञ), गुठी संस्थान ऐन,२०३३
[8] दफा २ को खण्ड (ट), गुठी संस्थान ऐन,२०३३

सो मिति २०३९।०१।०३ को निर्णय पछि पशुपति महास्नान पोता गुठी अन्तर्गतका सबै जग्गाहरुको हैसियत गुठी अधिनस्थ जग्गाको रुपमा नै रहेको देखिन्छ। पशुपति महास्नान पोता गुठीको जग्गा राजगुठीको जग्गा रहेकोमा कुनै दुविधा छैन। त्यस्तो राजगुठीको जग्गा कुनै अमुक व्यक्तिको नाममा रैतान नम्बरीमा परिणत हुन सक्छ वा सक्दैन भन्ने सम्बन्धमा कानूनी व्यवस्था हेर्दा साविकको गुठी संस्थान ऐन, २०२१ को दफा १७ मा राजगुठीको जग्गा जमीनमा हक प्राप्त नहुने भनी "अन्य प्रचलित नेपाल कानूनमा जुन सुकै कुरा लेखिएको भए तापनि यस ऐन बमोजिम संस्थानले बन्दोवस्त वा हेरचाह गरेको कुनै राजगुठीको जग्गा जमीन वा अन्य कुनै सम्पत्तिमा यो ऐन प्रारम्भ हुँदाका बखत कसैलाई कुनै हक प्राप्त भै राखेको भए संस्थाले अन्यथा गर्न मञ्जुर गरेकोमा बाहेक यो ऐन प्रारम्भ भएपछि त्यसको हक समाप्त भै कसैको कुनै किसिमको हक नभए सरह सो सम्पत्तिमा पुनः सो राजगुठीको सम्पूर्ण हक कायम भएको मानिनेछः-
तर (क) यो ऐन प्रारम्भ हुनुभन्दा अघि कसैले कुनै राजगुठीको जग्गामा घर बनाएको रहेछ भने सो घर घडेरीको जग्गाबाट घर धनीलाई उठाउन पाउने छैन। त्यस्तो घर घडेरीको जग्गामा संस्थानले ठाउँको महत्व हेरी श्री ५ को सरकारको स्वीकृती लिई कुत ठेक्न वा घटाउन वा बढाउन सक्नेछ।
(ख) यो ऐन प्रारम्भ हुनुभन्दा अघि राजगुठीलाई बुझाउनु पर्ने पोत तिरो वा कुत कसैले नबुझाई बाँकी राखेको रहेछ भने त्यस्तो बाँकी रकम संस्थानले असूल उपर गरी लिन सक्नेछ।" भन्ने व्यवस्था रहेबाट पशुपति महास्नान पोता गुठी अन्तर्गतको जग्गा रैकर सरह गुठी रैतान नम्बरीमा परिणत हुन सक्ने देखिएन। गुठी संस्थान ऐन, २०२९ को दफा २१ मा उल्लेखित कानूनी व्यवस्था हेर्दा गुठी जिमिदारी उन्मूलन भनी "गुठी जिमिदारी उन्मूलन गरिएको छ। त्यस्तो उन्मूलनको परिणामस्वरुप सम्बन्धित गुठी मौजाको जिमिदारीसित सम्बन्धित जिमिदार पटवारीको सबै हक अधिकार स्वतः समाप्त भएको मानिनेछ। तर, जिमिदारी साथको जग्गाका हकमा जिमिदारी उन्मूलन भएको जिमिदारको नाउँमा गुठी रैतान नम्बरीमा दर्ता हुनेछ।" भनी उल्लेख भएबाट गुठी जिमिदारीको हकमा गुठी रैतानी नम्बरीमा दर्ता हुन सक्ने व्यवस्था उक्त ऐनले गरेकोमा सो अनुरुपको अवस्था यी निवेदकहरुको रहे भएको पाईदैन। उक्त कानूनी व्यवस्थालाई गुठी संस्थान ऐन, २०३३ को दफा २२ ले निरन्तरता दिएपनि गुठी संस्थान ऐन, २०३३ को दफा २५(४) मा देवस्थल रहेका वा देवी देवता, देवस्थल, पर्व, पूजा, जात्रासँग सम्बन्धित धार्मिक एवं सार्वजनिक पर्ति जग्गा कुनै व्यक्तिको नाममा दर्ता गरिने छैन भनी व्यवस्था भएबाट राजगुठीको जग्गा रैतानीमा परिणत हुन नसक्ने भनी स्पष्ट बोलेको पाईन्छ। गुठी संस्थान ऐन, २०३३ को दफा ३६ मा रहेको गुठी रैतान नम्बरी सम्बन्धि कानूनी व्यवस्था तत्काल प्रचलित संविधान विपरीत रहेको भनी रिट

निवेदक प्रकाशमणी शर्माले दायर गरेको २०५८ सालको रिट नं. ७७ को उत्प्रेषण परमादेश समेत मुद्दामा यस अदालतबाट मिति २०६४।१०।१० मा आदेश हुँदा गुठी संस्थान ऐन,२०३३ को दफा ३६ को प्रावधान संविधान विपरीत हुँदा फैसला भएको मिति देखि नै लागु हुने गरी अमान्य र बदर हुने भनी आदेश भएको पाईन्छ। (ने.का.प. २०६४, अंक १०, नि.नं. ७८८५)। तत्पश्चात गुठी संस्थान ऐन, २०३३ को दफा ३६ केही नेपाल कानून संशोधन तथा खारेज गर्ने ऐन, २०७२ द्वारा मिति २०७२।०६।१४ मा झिकी हाल उक्त दफा ३६ निस्कृय समेत भै सकेको देखिन्छ। तसर्थ उक्त मिति २०६४।१०।१० पश्चात गुठी अन्तर्गतका जग्गाहरु गुठी रैतान नम्बरीमा दर्ता हुन सक्ने देखिदैन। सो भन्दा अगावै यी निवेदकहरुको जग्गा गुठी रैतानी नम्बरीमा दर्ता भएको हो की भन्ने तर्फ विचार गर्दा यी निवेदकहरुले आफ्नो जग्गा कहिले कुन कानूनी प्रकृया अवलम्बन गरी कस्को निर्णयबाट गुठी रैतानी नम्बरीमा परिणत भै दर्ता पुर्जा पाएको हो भनी रिट निवेदनमा स्पष्ट रुपमा सप्रमाण उल्लेख गर्न सकेको पाईदैन।

२०. यी रिट निवेदकहरु तथा निजका तर्फबाट उपस्थित कानून व्यवसायीले गुठी संस्थानलाई नगदीमा पोत बुझाएको भन्ने आधारमा गुठी रैतान नम्बरीको जग्गाहरु भएकोले निजी सम्पत्ति सरह मानी सोही बमोजिम व्यवहार गरीनुपर्ने भनी जिकिर समेत लिएको सन्दर्भमा विचार गर्दा, गुठी संस्थान ऐन, २०३३ को दफा २(ज) मा "गुठी रैतान नम्बरी जग्गा" भन्नाले दर्तावालाले संस्थानलाई मालपोत बुझाउनु पर्ने जग्गा सम्झनु पर्छ भनी गुठी रैतानी नम्बरी जग्गाको परिभाषा भएको पाईन्छ। सो परिभाषामा गुठी संस्थानलाई मालपोत बुझाउने जग्गालाई गुठी रैतान नम्बरी जग्गा सम्झिनुपर्ने भन्ने प्रावधान गुठी जग्गाको मालपोत कस्ले कहाँ र कुन रुपमा बुझाउने भन्ने सन्दर्भमा गुठी जग्गाको वर्गीकरण सम्म गरिएको हो, नगदीमा पोत बुझाएको भन्ने कारणबाट मात्र कुनै गुठीको जग्गामा व्यक्तिको स्वामित्व नै सिर्जना हुने गरी गुठी रैतानी नम्बरी जग्गामा दर्ता हुने भनी मान्न मिल्ने देखिदैन। मालपोत भन्नाले जग्गावालाले प्रचलित नेपाल कानूनबमोजिम नेपाल सरकारलाई तिर्नुपर्ने मालपोत तथा सो सरहको अरु कुनै तिरोलाई सम्झनु पर्छ भनी मालपोत ऐन, २०३४ को दफा २(ख) तथा भूमि सम्बन्धि ऐन, २०२१ को दफा २(झ) मा परिभाषा गरिएको पाईन्छ। अतः कुनै व्यक्ति (प्राकृतिक वा कानूनी) ले कुनै जग्गाको भोग तथा चलन गरेकोमा सो भोग तथा चलन वापत राज्यलाई बुझाउनु पर्ने राजश्वलाई मालपोत मान्नु पर्ने हुन्छ। त्यसै गरी जग्गावालाको जग्गा कमाउन लिए वापत मोहीले जग्गावालालाई बुझाउने नगदी वा जिन्सी वा दुबैलाई कूत सम्झनुपर्छ भनी भूमि सम्बन्धि ऐन, २०२१ को दफा २(घ) मा परिभाषा गरिएको पाईन्छ। साथै मालपोतको निश्चित दर रेट कायम गरिएको हुन्छ र समय समयमा

त्यस्तो दररेट अधिकारप्राप्त निकायबाट परिमार्जित पनि हुने गर्छ। यी सबै व्यवहार प्रचलनमा चलि आएका कुराहरु नै हुन्। अतः कानून बमोजिमको प्रकृया अवलम्बन गरी गुठी रैतान नम्बरी कायम भएको भन्ने वस्तुनिष्ठ प्रमाण निवेदकहरुले गुजार्न सकेको पाईदैन। रिट निवेदनमा निवेदकहरुले दावी गरेको जग्गा पशुपति महास्नान पोता गुठीको लगतमा दर्ता रहे भएको देखिन्छ। पशुपति महास्नान पोता गुठी राजगुठी रहेकोमा विवाद छैन। राजगुठीको जग्गालाई रैतान नम्बरी कायम गर्न मिल्दैन। कानून सम्मत श्रेस्ता प्रमाणको अभावमा नगद पोत बुझाई आएको भन्ने एकमात्र तर्कको आधारमा राजगुठीको जग्गा रैतानी नम्बरी हो भन्न मिल्ने देखिएन।

२१. प्रस्तुत रिटमा मालपोत नगदी वा जिन्सी वा दुबै हुन्छ वा हुदैन? र पशुपति महास्नान गुठी र पशुपति महास्नान पोता गुठी अलग अलग हुन वा एउटै हुन्? भन्ने विषय पनि निरुपण हुनुपर्ने देखिन आएकोले सो सम्बन्धमा विचार गर्दा, काठमाण्डौ उपत्यकाञ्चल कमिश्नर मजिष्ट्रेटको सवाल, २००९ को दफा ७ को उपदफा (३) मा "लगती रकम बालीको लगत काट्ने बाहेक मुनासिब कारणले सो जग्गाको मालपोत तिरो वा पोता बाली र घरको बहाल असूल हुन नसकी ऐन सवालको रीत पुगी मिनाहालाई रिपोर्ट आए मिनाहा गर्नुपर्ने हुन आएमा एक रिपोर्टमा रु. १००।– मैजिष्ट्रेटले दिने, सो भन्दा बढी रु. ५००।– सम्म मुलुकी सवाल गुठीबारेको १४ दफामा मुख्तियारले निकासा दिने लेखिएको कमिश्नरले दिने, सोभन्दा बढी सम्बन्धित विभाग मार्फत जाहेर गरी निकाशा भए बमोजिम गर्नू" भनी उल्लेख भएबाट पोता भन्नाले नगदी मात्र होईन वाली पनि हुने र वाली भनेको जिन्सी वा नगदी जे मा पनि हुन सक्ने भनी कानूनी व्यवस्था भएको पाईन्छ। त्यसै गरी भूमि सम्बन्धि ऐन, २०१४ को दफा ३ मा "...रैकरमा परिणत गरिएका काठमाण्डौ उपत्यकाका जग्गाका जग्गावालाले जग्गाको वार्षिक उब्जनीमा निम्नलिखित दर बमोजिम बाली वा त्यसको प्रचलित गाँउ बजारमा चलेको दरले हुने अरु जिन्सी वा नगद भन्दा बढी कुत तिरो र अरु जग्गाका जग्गावालाले जग्गाको वार्षिक उब्जनीमा सयकडा ५० भन्दा बढी कुत तिरो किसानबाट असूल गर्न हुदैन। सो असूल गर्दा जग्गावाला र किसान दुवैको मञ्जुरीले अर्को थोक लिने दिनेमा बाहेक नगद लिने गरेकोमा नगदनै र जिन्सी लिने गरेकोमा जिन्सीनै लिने दिने गर्नु पर्छ..।" भनी उल्लेख भएबाट मालपोत नगदीमा वा जिन्सी जे मा पनि लिन सकिने देखिन्छ। साविकमा गुठीका जग्गाहरुको पोतको रुपमा जिन्सी नै लिने प्रचलन रहेकोमा प्रकारान्तरमा जिन्सीको साटो नगदीमा पोत बुझ्न र बुझाउन तथा गुठीलाई व्यवस्थित र पारदर्शी तवरले संचालन गर्न जिन्सी भन्दा नगदीमा पोत लिनु उपयुक्त हुने मनसायबाट नगदीमा पोत लिने प्रचलन रहेको मान्न सकिन्छ। पोत नगदी वा जिन्सी के मा लिईयो भन्ने आधारमा गुठीको स्वरुप र अस्तित्वमा कुनै परिवर्तन हुने पनि होईन। उक्त

परिभाषाले गुठी रैतानीमा परिणत भएका जग्गाहरुको मालपोत कहाँ बुझाउने भन्ने सम्म स्पष्ट पारेको मान्नु पर्छ। गुठी जग्गाको मालपोत नगदी तथा जिन्सीमा बुझाउने प्रचलनलाई व्यवस्थित गरी नगदी मै मालपोत बुझाउनु पर्ने भनी परिभाषा गरेको हो। पशुपतिनाथको पुजाआजामा नगदको समेत आवश्यक पर्ने हुँदा सोका लागि साविकमा नगद भन्दा जिन्सी सहज रुपमा पाईने हुँदा केही गुठीको पोत जिन्सी नलिई नगदमै लिने गरी साविक देखि व्यवस्था रहेकोलाई अन्यथा मान्न मिल्दैन। मिति २०३९।०१।०३ मा गुठी संस्थानका तत्कालिन अध्यक्षबाट भएको निर्णयमा समेत दाताले दिएको यो गुठीमा साविक देखि नगदमा नै कुत बुझ्ने गरेको व्यवस्था रहेको भनी उल्लेख भएको हुँदा नगद पोत लिनु स्वभाविक नै मान्नुपर्ने हुन्छ। **गुठीको जग्गाको मालपोत असूल गर्ने क्रममा जिन्सी वा नगद जुनरुपमा पनि संस्थानले मालपोत लिन सक्ने नै हुँदा सो मालपोत नगद वा जिन्सीमा लिईएको भन्ने मात्र आधार कारणबाट गुठी जग्गाको हैसियत, स्वामित्व र प्रकारमा कुनै परिवर्तन आउन सक्दैन।**

२२. पशुपति महास्नान पोता गुठीको जग्गाको कानूनी हैसियत के हो? भन्ने प्रश्न तर्फ विचार गर्दा पशुपतिनाथ मन्दिरको धार्मिक तथा साँस्कृतिक महिमालाई पनि हेर्नु पर्ने हुन्छ। पशुपतिनाथको इतिहास हेर्दा वैदिक काल देखि नै भगवान पशुपतिनाथको महिमाको प्रसँगहरु रहेको पाईन्छ। तारकाक्ष, कमलाक्ष र विद्युन्माली नामका असूरहरुमा बढेको पशुत्वको नाश गर्नकालागि भगवान शिवले स्वयं पशुपतिको रुप धारण गरी त्रिपुर नष्ट गरेको भन्ने कुरा शिवपुराणमा उल्लेख भएको पाईन्छ।[९] ब्रम्हा, विष्णु लगायतका देवगणहरु पशु बनेको, सदाशिव पशुपति नामबाट परिचित हुनुभएको, जगतकल्याणको लागि पशुपति रुपधारण गर्नु भएका उहाँको पशुपतिनाथ अत्यन्त कल्याणकारी र अभिष्टसिद्धि रुप मानिन्छ। 'पशुपति' रुप आत्माहरुको अधिष्ठान गर्नेवाला, सम्पूर्णक्षेत्रमा रहनेवाला, पशु तथा जीवहरुको पाश काट्नेवाला भएको र भगवान शिवको अष्टमुर्ति मध्येको एक 'पशुपति' पनि रहेको भनी रुद्रसंहितामा पनि उल्लेख भएको पाईन्छ।त्यसै गरी नेपाल देशमा 'पशुपति' नामको ज्योतिर्लिङ्ग छ, जसले सम्पूर्ण मनोकामना सिद्ध गर्दछ। शिवजीको सहस्रनाम मध्ये पशुपति पनि रहेको भनी पशुपति कोटीरुद्र संहितामा समेत उल्लेख भएको पाईन्छ।[10] यसबाट पशुपतिनाथको महिमा प्राचिन र नेपाल देशसँग सम्बन्धित रहेको देखिन्छ।

२३. यसै गरी यसको धार्मिक महत्वको बारेमा नेपालको इतिहासमा प्राचिन कालदेखि नै चर्चा भएको पाईन्छ।गोपालवंश, महिषपालवंश, किरातकाल, लिच्छवीकाल, मल्लकाल, शाहकालिन राजाहरुबाट राष्ट्रदेवको रुपमा यसको संरक्षण र प्रवर्धन हुँदै आएकोमा

---

[९] शिवपुराण, पृष्ठ ४१०-४११

[10] कोटीरुद्र संहिता, पशुपतिनाथ शिवलिङ्ग महात्म्य, ११ औं अध्याय, पृष्ठ ५९५

पशुपतिनाथको प्राचिनता, धार्मिक तथा साँस्कृतिक महत्वलाई मनन् गरी यसलाई विश्वसम्पदाको सूचीमा समेत समावेश गरिएको पाईन्छ। अतः पशुपतिनाथलाई राष्ट्रको सम्पदामात्र होईन की यो विश्वकै सम्पदा मानी राज्यबाट नै यसको संरक्षण र प्रवर्धन हुँदै आएको पाईन्छ। पशुपतिको धार्मिक तथा साँस्कृतिक महत्व उच्च रहेको हुँदा पशुपतिमा विभिन्न गुठी राख्ने परम्परा रही आएको पाईन्छ। पशुपतिनाथको नित्यपुजा, धार्मिक कार्य लगायतका कामकालागि राजाहरु र अन्य व्यक्तिहरुले जग्गा, नगदी तथा जिन्सी समेतको गुठी राख्ने परम्पराको विकास लिच्छवीकाल देखि नै भएको इतिहास पाईन्छ। त्यसरी राखिएको गुठीलाई देवश्व पनि भनिन्थ्यो। त्यस्तो देवश्वको रुपमा रहेको गुठीलाई राज्यद्वारा नै विशेष रुपमा संचालन गर्ने गरिन्थ्यो भने पशुपतिनाथप्रति राज्यद्वारा नै सम्मान गर्ने प्रचलनको प्रादुर्भाव अंशुवर्माको कालदेखि नै भएको पाईन्छ।[11] पशुपतिनाथ मन्दिरको संचालनकालागि पशुपति महास्नान पोता गुठी र पशुपति महास्नान गुठी लगायत पशुपतिनाथ सम्बन्धी विभिन्न किसिमका ४० भन्दा बढी गुठीहरु रहेको पाईन्छ। यसबाट पशुपति महास्नान पोता गुठी र पशुपति महास्नान गुठी एउटै नभई अलग अलग गुठी रहेको र यी गुठी जस्तै अन्य धेरै गुठीको माध्यमबाट पशुपतिनाथको सेवा भक्तिको कार्य सम्पन्न भईरहेको पाईन्छ। दाताले जुन रुपमा गुठी राखेको हो सो गुठीको ब्यवस्थापनको लागि गुठी संस्थान ऐन जारी भई कार्यान्वयन भएको पाईन्छ। वि.सं.१८६७ को लालमोहरमा समेत पशुपति महास्नान महावली पुजनकालागि देवश्वको रुपमा विभिन्न जग्गा तथा अन्य जिन्सी समेत उल्लेख गरी पशुपति महास्नान पोता गुठी लाई प्रदान गरीएको भन्ने प्रमाणमा रहेको ०६६-DF-०००९ को जोत छुट्टाई पाउँ भन्ने रिटको मिसिल संलग्न गुठी संस्थान केन्द्रिय लगत तथा अभिलेख शाखाको च.नं. २०९ मिति २०६५।०१।१० को पत्रसाथ पठाईएको लालमोहरको छाँयाप्रतिबाट देखिन्छ। वि.सं. १८६७ को सोही लालमोहर लगत अन्तर्गतका जग्गालाई गुठी अधिनस्थ कायम गरी राख्ने भनी गुठी संस्थानका तत्कालिन कार्यकारी अध्यक्षबाट मिति २०३९।०१।०३ मा निर्णय भएको भन्ने आधारमा यस अदालतको पूर्ण इजलासबाट ०६६-DF-०००९ को जोत छुट्टाई पाउँ भन्ने समेतको मुद्दामा मिति २०६८।०९।२९ मा फैसला भई सकेपछि सोही लालमोहर लगतका अन्य जग्गालाई गुठी अधिनस्थ होईन भनी मान्न मिल्ने देखिदैन। वि.सं.१८६७ को लालमोहरबाट पशुपतिमा महास्नानको लागि नगद, जिन्सी र जग्गाहरुसमेत पशुपति महास्नान पोता गुठीलाई प्रदान भएकोमा यी निवेदकहरुले उल्लेख गरेका जग्गाहरु पनि सोही गुठी लगत अन्तर्गतकै जग्गाहरु नै रहेको देखिन्छ।

[11] डा.गोविन्द टन्डन, पशुपतिक्षेत्रको साँस्कृतिक अध्यन, भाग १, पृष्ठ १८५

२४. गुठी संस्थानले पशुपति महास्नान तर्फका पोता लागी आएका गुठी जग्गाहरुको जग्गा धनी प्रमाणपुर्जा लिने शिलशिला चलेको र भैरहेका ऐन नियम र कानूनमा पोता तर्फका जग्गाको हकमा यो आधारमा जग्गाधनी प्रमाण पुर्जा दिने प्रष्ट उल्लेख भएको नदेखिएको र असूली लगत तयार गर्नुपर्ने भएबाट त्यस्ता पोता जग्गाको जग्गाधनी प्रमाणपुर्जा गुठी संस्थानले लिने वा यो पोता जग्गा अधिनस्थ र तैनाथी सरह नभै किसिम अनुसार पोत लिने हुँदा गुठी रैतान नम्बरी सरह देखिएको हुनाले सम्बन्धित मोहीलाई दिलाउने भन्ने बारेमा दुविधा पर्न आएको भनी गुठी संस्थानमा मिति २०३७।१२।१० मा टिप्पणी उठेकोमा तह-तह हुँदै निर्णयार्थ गुठी संस्थानका कार्यकारी अध्यक्ष समक्ष पेश भएकोमा गुठी संस्थानका तत्कालिन सर्वाधिकार सम्पन्न कार्यकारी अध्यक्ष बद्री विक्रम थापाले "यो दाताले राखीदिएको जग्गामा पहिले देखि नै नगदी लिने गरेकोले साविक बमोजिम नगदी नै लिई दिने र जग्गाको हकमा गुठी अधिनस्थ नै कायम गरी राख्ने" भनी मिति २०३९।०१।०३ मा निर्णय भएको पाईन्छ। मिति २०४१।०८।२४ मा भएको पहिलो संशोधनपूर्वको साविक गुठी संस्थान ऐन, २०३३ को दफा ५ को खण्ड (१) मा संस्थानको सबै काम कारवाहीको रेखदेख, नियन्त्रण र व्यवस्था अध्यक्षले गर्नेछ भनी उल्लेख भएबाट गुठी संस्थानका तत्कालिन कार्यकारी अध्यक्षले मिति २०३९।०१।०३ मा गरेको उक्त निर्णय तत्काल प्रचलित कानून अनुरुपको गुठी संस्थानको आधिकारीक निर्णय रहे भएको देखियो।

२५. पशुपति महास्नान पोता गुठी जग्गाको सम्बन्धमा साविकको लगतबाट पोत (मालपोत) मात्र असुल हुने भन्ने भएको र असुली पनि मालपोत सरह कै रकम भैरहेको हुँदा गुठी संस्थान ऐन, २०३३ को दफा २ को (ज) अनुसार गुठी रैतान नम्बरी जग्गाकै परिभाषा भित्र पर्ने स्पष्ट छ। त्यसकारण सोही अनुसार ज.ध.प्र.पुर्जा बनाउने तथा असूली सम्बन्धी कारवाही गर्नु भनी सम्बन्धित कार्यालयलाई निर्देशन पठाउने, पहिले भएका निर्णयहरुको सम्बन्धमा संचालक समितिबाट विवरण माग गरेको हुँदा सो सम्बन्धी हाल सम्मको जग्गाको विवरण लिई आउदो संचालक समितिको बैठकमा पेश गर्ने भनी मिति २०४४।०४।१५ मा गुठी संस्थानका अध्यक्ष विश्वमान श्रेष्ठबाट निर्णय भएको देखिन्छ। मिति २०४४।०९।०३ मा पशुपति महास्नान पोता गुठीको जग्गाधनी प्रमाणपुर्जा कस्का नाउमा तयार गर्ने भन्ने सम्बन्धमा संचालक समितिमा पेश हुँदा साविकको जग्गा कति, हालको जग्गा कति, हाल सर्वे नापीबाट कायम भएको जग्गा कति, हालसम्म प्राप्त हुन आएका जग्गाधनी प्रमाणपुर्जा कति, जोताहा र दर्तावाला समेतको यथार्थ विवरण तयार भएपछि निर्णयको लागि पेश गर्ने भनी मिति २०४२।१०।१५ मा निर्णय भएकोमा तत् सम्बन्धी विवरणहरु सहितको टिप्पणी पेश हुँदा पशुपति महास्नान पोता जग्गा गुठी संस्थान ऐन, २०३३ को दफा २(ज) अनुसार

गुठी रैतान नम्बरी जग्गाकै परिभाषा भित्र पर्ने भएकोले सोही अनुसार जग्गाधनी दर्ता प्रमाणपुर्जा बनाउने र तत्सम्बन्धी विवरणहरु संचालक समितिमा पेश गर्ने गरी मिति २०४४।०४।१५ मा संचालक समितिका अध्यक्षबाट निर्णय भए अनुसारको जग्गाको विवरण २६० रोपनी ९ आना भएको बेहोरा जानकारी गराइयो भनी गुठी संस्थानका तत्कालिन कार्यकारिणी अध्यक्ष विश्वमान श्रेष्ठको अध्यक्षतामा मिति २०४४।०९।०३ मा बसेको संचालक समितिको बैठकबाट निर्णय भएको देखिन्छ। गुठी संस्थान ऐन, २०३३ मा मिति २०४१।०८।२४ मा भएको पहिलो संशोधनबाट मूल ऐनको दफा ४, ५ र १० लाई खारेज गरेको हुँदा मूल ऐनको दफा ५ मा रहेको अध्यक्षको अधिकार र कर्तव्य मिति २०४१।०८।२४ पश्चात दफा ९(क) थप भई समितिमा सरेको पाईन्छ। यस अवस्थामा गुठीको रेखदेख, नियन्त्रण र व्यवस्था सम्बन्धी काम कारवाही गुठीका अध्यक्षबाट नभई समितिबाट हुने भन्ने कानूनी प्रबन्ध रहेकोमा मिति २०४४।०४।१५ मा गुठी संस्थानका अध्यक्षबाट भएको निर्णय संचालक समितिबाट अनुमोदन नभएसम्म त्यसको कुनै औचित्य तथा कानूनी बैधता रहेको मान्न मिलेन। मिति २०४४।०९।०३ मा बसेको समितिको बैठकले मिति २०४४।०४।१५ को निर्णयबाट माग भएको जग्गाको विवरणको जानकारी गराएको सम्म देखिएको र कुनै निर्णय गरेको भन्ने देखिदैन। यस अवस्थामा दाताले राखीदिएको जग्गामा पहिले देखि नै नगदी पोता लिने गरेकोले साविक बमोजिम नगदी नै लिई र जग्गाको हकमा गुठी अधिनस्थ नै कायम गरी राख्ने भनी मिति २०३९।०१।०३ मा गुठी संस्थानका तत्कालिन कार्यकारी अध्यक्ष बद्री विक्रम थापाबाट भएको निर्णय कहिँ कतैबाट बदर नभई हालसम्म पनि यथावत कायम रहेको देखियो।

२६. नारायण प्रसाद राजभण्डारीको मु.स. गर्ने शारदा राजभण्डारी प्रत्यर्थी बेदप्रसाद भट्टराई समेत भएको जोत छुट्याई पाउँ भन्ने ०६६-DF-०००९ समेतको मुद्दामा यस अदालतको पूर्ण इजलासबाट मिति २०६८।०९।२९ मा भएको फैसलामा "गुठी संस्थान ऐन, २०३३ को दफा २६(१) मा गुठीका भाउले नगदीमा बुझाउनु पर्ने गुठी अधीनस्थ जग्गा भन्ने वाक्यांश समेतको प्रयोग गरिएको हुँदा गुठी अधीनस्थ जग्गामा समेत नगदीमा लिन सकिने कुरालाई पूर्णतः इन्कार गर्न सकिने देखिँदैन । गुठी संस्थान ऐनमा रहेको उक्त कानूनी व्यवस्थाले नगदी लिँदैमा स्वतः रैतान नम्बरी हुने भनी मान्नु पर्ने बाध्यता सिर्जना गर्दैन। गुठी संस्थानका तत्कालीन अध्यक्षबाट जग्गामा पहिलेदेखि नै नगदी लिने गरेकोले सोहीबमोजिम नगदी नै लिई दिने र जग्गाको हकमा गुठी अधीनस्थ नै कायम गरी राख्ने भनी उल्लेख भएको व्यहोरामा पनि यही कानूनी व्यवस्था प्रतिबिम्बित भएको पाइँदा यसरी विद्यमान कानून र साधिकार निकायको निर्णय समेतबाट नगदीमा लिन सकिने गरी गरिएको स्पष्ट व्यवस्थालाई निस्तेज तुल्याउने गरी त्यसको

व्याख्या गर्न नमिल्ने। गुठी अधीनस्थ जग्गामा दर्तावाला मोहीको हक अधिकार स्वत: गुठी संस्थानमा सर्ने हुँदा त्यस्ता जग्गाको व्यवस्थापन गुठी संस्थानबाट हुने कुरामा विवाद हुन सक्दैन। गुठी संस्थान ऐन, २०३३ को दफा २७ ले गुठी जग्गामा खास जोताहा किसानले प्रचलित कानूनबमोजिम मोहियानी हक पाउनेछ भनी उल्लेख गरिएको हुँदा त्यसमा जग्गाधनीको हैसियतमा गुठी संस्थानको भूमिका रहने कुरालाई इन्कार गर्न नमिल्ने"[12] भनी व्याख्या समेत भएको पाईन्छ।

२७. उक्त मुद्दामा भएको फैसला सम्बन्धित पक्षहरुको हकमा मात्र लागु हुने हो हाम्रो हकमा लागु हुने होईन र सो मुद्दामा भएको फैसला प्रस्तुत मुद्दामा नजिरको रुपमा लिन मिल्दैन भनी निवेदक र निजका तर्फबाट रहनु भएका कानून व्यवसायीहरुको जिकिर तर्फ विचार विचार गर्दा सर्वप्रथम नजिर भनेको के हो र यसको कसरी प्रतिपादन हुन्छ र यसको वैधानीक महत्व के छ भन्ने कुरामा स्पष्ट हुन आवश्यक हुन्छ। हाम्रो जस्तो common legal system (कमन ल प्रणाली) अपनाइने मुलुकहरुमा नजिरलाई पनि कानूनको एक श्रोतको रुपमा लिईन्छ। देशको सर्वोच्च न्यायिक निकायले कुनै मुद्दा मामिलाको रोहमा गरेको कानूनको व्याख्या वा प्रतिपादन गरेको कानूनी सिद्धान्तलाई नजिर भनिन्छ। यसरी मुद्दा मामिलाको रोहमा भएको कानूनको व्याख्या वा प्रतिपादन भएको सिद्धान्त त्यस्तै कानूनी प्रश्न निहित रहेका अन्य मुद्दाका लागि नजिरको रुपमा प्रयोग गरिन्छ। नजिरको तत्व मूलतः निर्णयाधार नै हो। यस्तो नजिर धेरै न्यायाधीश संलग्न इजलासले over rule नगरेसम्म वा कानूनको निर्माण नभएसम्मका लागि कानून सरह नै लागु हुन्छ। कानूनको अभावमा न्यायबाट बन्चित हुने अवस्था नरहोस, कानूनको व्याख्यामा रहने अन्यौलता मेटाई न्यायिक एकरुपता कायम गर्नका लागि नजिरको महत्वपूर्ण भुमिका रहन्छ। कस्ता निर्णयहरु नजिर मान्ने र कस्तालाई नजिर नमान्ने भन्ने सम्बन्धमा यसै सर्वोच्च अदालतबाट विभिन्न मुद्दामा व्याख्या समेत भै सकेको पाईन्छ। स्पष्टताकालागि जसमध्ये केही यहाँ उद्धरण गर्नु सान्दर्भिक हुनसक्छ। "वस्तुतः अदालतका सबै निर्णयहरुमा कानूनको व्याख्या वा कानूनी सिद्धान्तको प्रतिपादन भएको पनि हुंदैन। त्यस्तो व्याख्या वा विवेचना नभएका निर्णयहरु नजिर हुंदैनन् र मुद्दाका पक्ष बाहेक अरुको लागि वाध्यात्मक पनि हुंदैनन्। कुनै कानूनको व्याख्या गरेर वा कुनै कानूनी सिद्धान्तको प्रतिपादन गरेर त्यो व्याख्या वा सिद्धान्तको आधारमा मुद्दाको निर्णय गरिएको छ भने मात्र त्यो व्याख्या वा सिद्धान्त त्यस्तै प्रकृतिका अन्य मुद्दाहरुको लागि नजिर हुने। नजिरको प्रयोजनको लागि कानून र कानूनी सिद्धान्तको विवेचनालाई नै अदालतले हेर्नु पर्ने।"[13] भनी प्रदिप कुमार अग्रवाल विरुद्ध कर कार्यालय मोरङ भएको उत्प्रेषण

[12] ने.का.प. २०६९, अंक ३, निर्णय नं. ८७८०

[13] ने.का.प. २०५२, अंक ७, निर्णय नं. ६०३२

मुद्दामा सर्वोच्च अदालतको ७ सदस्यीय पूर्ण इजलासबाट व्याख्या भएको पाईन्छ। तेसैगरी " अदालतले सुनवाई गरिरहेको मुद्दाको तथ्य र निर्णय भइरहेको नजिरको रुपमा प्रस्तुत हुन आएको मुद्दाको तथ्यमा सादृश्यता छ भने अदालतले यस्तो नजिरलाई आफ्नो फैसलामा ग्रहण गर्ने गर्दछ। नजिर स्थापित भएको मुद्दामा तथ्य र कानूनको प्रयोग कुन रुपबाट भएको छ, त्यसलाई दृष्टिमा राखी अनि मात्र सुनवाई भइरहेको मुद्दामा अघिको निर्णयाधारलाई ग्रहण गर्ने नगर्ने स्थिति हुन आउने" भनी डा. नारायणहरी गजुरेल विरुद्ध लोकसेवा आयोग समेत भएको उत्प्रेषण मुद्दामा[14] व्याख्या भएको पाईन्छ। नारायण प्रसाद राजभण्डारीको मु.स. गर्ने शारदा राजभण्डारी प्रत्यर्थी बेदप्रसाद भट्टराई समेत भएको जोत छुट्याई पाउँ भन्ने ०६६-DF-०००९ समेतको मुद्दामा यस अदालतको पूर्ण इजलासबाट मिति २०६८।०९।२९ मा भएको फैसलामा गुठी सम्बन्धी प्रस्तुत रिट निवेदनमा उठाईएको पशुपति महास्नान पोता गुठीको जग्गाको हैसियतका सम्बन्धमा कानूनको व्याख्या भएको हुँदा सो मुद्दामा प्रतिपादित सिद्धान्त त्यस्तै विषयवस्तु समावेश भएको अरु मुद्दा (रिट समेत) को लागि नजिर हुने कुरामा कुनै दुविधा हुन सक्दैन।

२८. मुद्दामा भएको फैसला रिटमा नजिरको रुपमा आकर्षित हुदैन भन्ने प्रश्नको सन्दर्भमा हेर्दा नजिरको सिद्धान्तको मूल तत्व भनेको नै निर्णयाधार (Recio Decidendi) हो। उक्त निर्णयाधार समान प्रश्न रहेको अन्य जुनसुकै मुद्दा वा रिटका सन्दर्भमा अनुनयात्मक रहन सक्छ। प्रस्तुत रिटमा रहेको कानूनी प्रश्न उक्त नारायण प्रसाद राजभण्डारीको मु.स. गर्ने शारदा राजभण्डारी प्रत्यर्थी बेदप्रसाद भट्टराई समेत भएको जोत छुट्याई पाउँ भन्ने मुद्दामा रहेको कानूनी प्रश्न पशुपति महास्नान पोता गुठी अन्तर्गतका जग्गाहरुसँग अन्तरप्रभावी देखिन्छ। कानूनी प्रश्न र निर्णयको विषय मेल खाएको हदसम्म उक्त मुद्दामा प्रतिपादीत सिद्धान्त प्रस्तुत रिटमा पनि ग्रहण गर्न सकिने नै हुँदा सो नजिर आकर्षित हुन सक्दैन भन्ने निवेदकहरुको जिकिर र निवेदकहरुका कानून व्यवसायीको बहस सँग सहमत हुन सकिएन।

२९. नारायण प्रसाद राजभण्डारीको मु.स. गर्ने शारदा राजभण्डारी प्रत्यर्थी बेदप्रसाद भट्टराई समेत भएको जोत छुट्याई पाउँ भन्ने ०६६-DF-०००९ समेतको मुद्दामा माथि उल्लेखित यस अदालतको पूर्ण इजलासबाट मिति २०६८।०९।२९ मा भएको फैसला Judgement in rem हो वा Judgement in personam के हो? भनी विद्वान कानून व्यवसायीहरुले बहसका क्रममा उठाउनु भएको प्रश्नतर्फ बिचार गर्दा, सर्वप्रथम Judgement in rem र Judgement in personam को विधिशास्त्रिय मत के हो? यस सम्बन्धमा अन्य देशमा के कसरी अभ्यास गरिएको छ? भन्ने तर्फ बिचार गर्नुपर्ने हुन्छ।

---

[14] ने.का.प. २०५१, अंक १२, नि.नं. ५०१९

Judgement in rem लाई Handley को The doctrine of Res Judicata भन्ने पुस्तकमा यस प्रकार उल्लेख भएको पाईन्छ "A judicial decision in rem is one which determines the status of a personam, or thing, that is the jural relation of the person, or thing, to the world generally and coclusive for againts everybody, unlike decision in personam which determine the jural relation of person to one another"[15] A decision in personam operate as an estopple in favor of, and against, parties and previous only, not third persons or strangers.[16] An action in rem is one whose judgement is an official decree of the status of a thing as it concerns persons. It is binding on every interested party. An action in personam is one the judgement of which in form as well as in substance, affects the interests of the parties.[17] तेसै गरी Morris E. Cohn को Jurisdiction in Actions in Rem and in Personam भन्ने शिर्षकमा प्रकाशित लेखमा " An action *in rem* is one whose judgement is an official decree of the status of a thing as it concerns persons. It is binding on every interested party.[18] An action *in personam* is one the judgement of which in form as well as in substance, affects the interests of the parties., It is, as one court phrases it, against a person, founded on the defendant's liability. The judgement binds only the parties' litigant.[19] भनी उल्लेख भएको पाईन्छ। यसबाट **Judgement in rem** मा प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा कुनै व्यक्ति वा वस्तु वा त्यस्तो व्यक्ति वा वस्तुको कानूनी हैसियत सम्बन्धमा भएको न्यायिक निर्णयको न्यायिक सम्बन्ध त्यस्तो व्यक्ति वा वस्तुमा मात्र सिमित नरही सबैका लागि समेत निर्णायक हुन्छ। यो सक्षम न्यायिक निकायबाट निर्णय भएको हुन्छ र यो सार्वजनिक प्रकृतिको हुँदा त्यस्तो निर्णय सम्बन्धित पक्षहरुलाई मात्र नभई सबैका हकमा लागु हुन्छ भने त्यस्तो निर्णय एक अर्को व्यक्ति वा पक्षहरुमा मात्र सिमित रहेमा वा व्यक्तिहरुको कानूनी हैसियतप्राप्त वस्तुमा पक्षहरुको अधिकारको घोषणामात्र गर्छ र यो सम्बन्धित मुद्दाका पक्षहरुलाई मात्र लागु हुन्छ भने त्यस्तो निर्णयलाई **Judgement in personam** भनिन्छ। यस प्रकारका निर्णयहरु व्यक्तिगत प्रकृतिका हुन्छन् र पक्ष विपक्षको बीचमा सिमित रही तेश्रो पक्ष वा उनाउ व्यक्तिलाई असर नपार्ने प्रकृतिका हुन्छन्। त्यसको विपरीत कुनै न्यायिक निर्णयमा वोलिएको कुराले पक्ष विपक्ष बाहेक अन्य पक्षहरुको न्यायिक सम्बन्धलाई समेत असर पार्ने अवस्थामा त्यसलाई Judgement in rem भनिन्छ। नारायण प्रसाद राजभण्डारीको मु.स. गर्ने शारदा राजभण्डारी प्रत्यर्थी वेदप्रसाद भट्टराई समेत भएको जोत छुट्याई पाउँ भन्ने ०६६-DF-०००९ समेतको मुद्दामा यस अदालतको पूर्ण इजलासबाट मिति २०६८।०९।२९ मा भएको फैसलामा मुद्दाका पक्षहरुको हकमा मात्र नभई पशुपति महास्नान पोता गुठी र सो सम्बन्धमा गुठी संस्थानबाट विभिन्न मितिमा भएको निर्णयको

[15] Spencer Bower, Turner and Handley, The doctrine of Res Judicata, lexisNexis Butterworths, New Delhi, ISBN 81-8038-133-1, page-
[16] Spencer Bower, Turner and Handley, The doctrine of Res Judicata, lexisNexis Butterworths, New Delhi, ISBN 81-8038-133-1, page-238
[17] Morris E. Cohn,Jurisdiction in Actions in Rem and in Personam, 14 ST. LOUIS L. REV. 170 (1929). page-217 Available at: https://openscholarship.wustl.edu/law_lawreview/vol14/iss2/5
[18] Morris E. Cohn, Jurisdiction in Actions in Rem and in Personam, 14 ST. LOUIS L. REV. 170 (1929). Available at: https://openscholarship.wustl.edu/law_lawreview/vol14/iss2/5 page 171, Accessed 14 Dec. 2023.
[19] Morris E. Cohn, Jurisdiction in Actions in Rem and in Personam, 14 ST. LOUIS L. REV. 170 (1929). Available at: https://openscholarship.wustl.edu/law_lawreview/vol14/iss2/5 page 170, Accessed 14 Dec. 2023.

कानूनी र सैद्धान्तिक आधारमा समुचित विवेचना गरी मिति २०३९।०१।०३ मा भएको निर्णयलाई सदर कायम गरी र गुठी रैतानी गर्ने भनी मिति २०४४।०४।१५ मा गुठी संस्थानबाट भएको निर्णयलाई अमान्य ठहर गरेको अवस्था देखिएकोले मिति २०३९।०१।०३ को गुठी संस्थानको निर्णय अन्तर्गत पर्ने अन्य जग्गाहरुमा पनि उक्त फैसला आकर्षित हुने हुँदा सो हदसम्म उक्त फैसला Judgement in rem हो भनी मान्नुपर्ने हुन्छ।

३०. नारायण प्रसाद राजभण्डारीको मु.स. गर्ने शारदा राजभण्डारी प्रत्यर्थी बेदप्रसाद भट्टराई समेत भएको जोत छुट्याई पाउँ भन्ने ०६६-DF-०००९ समेतको मुद्दामा यस अदालतको पूर्ण इजलासबाट मिति २०६८।०९।२९ मा फैसला हुँदा गुठी संस्थानका तत्कालिन अध्यक्षबाट मिति २०३९।०१।०३ मा पशुपति महास्नान पोता गुठी अन्तर्गतका जग्गाहरुमा नगदी पोत लिने र जग्गाको हकमा गुठी अधिनस्थ नै कायम गरी राख्ने भनी भएको निर्णयबाट असर पर्ने ब्यक्तिले साधिकार निकायबाट सो निर्णय बदर गराउन सकेको नपाईएकोमा सो निर्णय समेतका आधारमा पशुपति महास्नान पोता गुठी अन्तर्गतका जग्गाहरु गुठी अधिनस्थ जग्गाका रुपमा नै रहेकोले ति जग्गालाई गुठी रैतान नम्बरी जग्गाका रुपमा मान्यता दिने गरी भएको गुठी संस्थानका तत्कालिन अध्यक्षबाट भएको मिति २०४४।०४।१५ को निर्णय मान्य नहुने भनी फैसला समेत भएको देखिन्छ।

३१. सर्वोच्च अदालतको पूर्ण इजलासबाट मिति २०६८।०९।२९ मा भएको उक्त फैसला हाम्रो हकमा लागु हुने होईन, सो मुद्दासँग सम्बन्धित पक्षहरुलाई मात्र लागु हुने हो र हामीलाई बुझ्दै नबुझी हाम्रो हकमा आघात पर्ने गरी गुठी संस्थानले रोक्का राख्न मिल्दैन भनी निवेदकहरुले जिकिर लिएको देखिन्छ। **अदालतमा चलेका मुद्दाहरुमा भएको निर्णयमा सम्बन्धित पक्षहरुको मात्र हक र सरोकार निहित रहेको विषयमा अदालतबाट भएका निर्णयहरु निजहरुको हकमा मात्र लागु हुने हो। तर कतिपय विवादहरु कुनै पक्ष विपक्षको हक र सरोकारसँग मात्र सरोकार राख्ने नभई त्यस्तै प्रकृतिका विषयमा अदालतले कानूनको व्याख्या गरी गरेको निर्णय सो विषय बस्तुसँग सरोकार रहेका तर मुद्दामा सहभागी नभएका व्यक्तिहरुका हकमा समेत आकर्षित हुनसक्छ। यो प्रचलित सिद्धान्त पनि हो।** पशुपति महास्नान पोता गुठी र सो गुठीका जग्गाको प्रकृति व्यक्तिगत प्रकृतिको नभई सार्वजनिक प्रकृतिको रहेकोले यस अदालतको पूर्ण इजलासबाट मिति २०६८।०९।२९ मा भएको फैसलामा पशुपति महास्नान पोता गुठीको जग्गाको सम्बन्धमा र गुठी संस्थानबाट विभिन्न मितिमा भएको निर्णयको कानूनी र सैद्धान्तिक आधारमा समुचित विवेचना गरी गुठी संस्थानबाट मिति २०३९।०१।०३ मा भएको निर्णयलाई सदर कायम गरी, गुठी रैतानी गर्ने भनी मिति २०४४।०४।१५ मा गुठी

संस्थानबाट भएको निर्णयलाई अमान्य ठहर गरेको अवस्था देखिएकोले मिति २०३९।०१।०३ को गुठी संस्थानको निर्णय अन्तर्गत पर्ने अन्य जग्गाहरुमा पनि उक्त फैसला आकर्षित हुने नै देखियो। यस अवस्थामा सो निर्णय सम्बन्धित पक्षहरुको हकमा मात्र आकर्षित हुन्छ भन्ने निवेदकहरुको जिकिर र निजहरुका तर्फबाट उपस्थित कानून व्यवसायीहरुको बहससँग सहमत हुन सकिएन।

३२. जहाँसम्म हामीलाई बुझिएन भन्ने निवेदकहरुको भनाई रहेको छ, त्यसतर्फ विचार गर्दा यी निवेदकहरुको विरुद्धमा वा निजहरुलाई प्रतिकूल असर पर्ने गरी कुनै निर्णय भएको अवस्थामा निजहरुलाई नबुझी वा सुनुवाईको मौका नै नदिई भएको निर्णय प्राकृतिक न्यायको सिद्धान्त र प्रचलित कानूनी व्यवस्थासमेतबाट त्यस्तो निर्णयको कानूनी वैधता रहदैन। तर प्रस्तुत रिटमा निवेदकहरुको कानून प्रदत्त हक अधिकारमा कुनै आघात पर्ने निर्णय भएको नभई मिति २०३९।०१।०३ मा तत्कालिन गुठी संस्थानका अध्यक्षले गुठी अधिनस्थ गर्ने भनी गरेको निर्णयलाई यसै अदालतको पूर्ण इजलासबाट मिति २०६८।०९।२९ मा भएको फैसलाले समेत सदर गरेकोमा सो फैसलाको कार्यान्वयनको प्रयोजनका लागि ती जग्गाहरु रोक्का राख्न पत्राचार सम्म भएको देखिदा र निवेदकहरुको प्रचलित कानून बमोजिम प्रदत्त हक हित प्रतिकूल कुनै निर्णय भएको नपाईदा सुनुवाईको मौका नै नदिएको भनी अर्थ गर्न मिल्ने देखिएन।

३३. मिसिल संलग्न कागजात हेर्दा गुठी संस्थान केन्द्रिय कार्यालय उपत्यका शाखाले पशुपति महास्नान पोता गुठी जग्गाको मालपोत असूली सम्बन्धमा च.नं. ९४८० उ.शा. ९१२/०३८/३९ मिति २०३९।०१।०५ मा उपत्यकाका तीनवटै (काठमाण्डौ, ललितपुर र भक्तपुर) मालपोत कार्यालयहरुलाई बोधार्थ दिई पशुपति गोश्वारा कार्यालयलाई पत्राचार गरेको देखिन्छ। उक्त पत्रमा "जग्गाधनी प्रमाणपुर्जा लिने शिलसिला चलेको र भैरहेको ऐन नियममा र निर्देशनमा पोता तर्फका जग्गाको यो आधारमा लिने भन्ने प्रष्ट उल्लेख भएको नदेखिएको र असुली लगत तयार गर्नुपर्ने समेत भएबाट त्यस्तो पोता जग्गाको जग्गाधनी प्रमाण पुर्जा गुठी संस्थानका नाउँमा लिने वा गुठी रैतान नम्बरी सरह सम्बन्धित मोहीलाई दिलाउने भन्ने बारेमा दुविधा परेको बेहोरा टिप्पणी पेश गर्दा यो दाताले राखी दिएको जग्गामा पहिले देखिनै नगदी लिने गरी आएकोले साविक बमोजिम नगदी नै लिई दिने र जग्गाको हकमा गुठी अधिनस्थ नै कायम गरीराख्ने गरी सदर भनी मिति २०३९।०१।०३ मा निर्णय भएको हुनाले त्यस कार्यालयबाट माग भै रहेको पोता तर्फको जग्गा गुठी अधिनस्थ श्री पशुपतिनाथ महास्नान गुठी पोता तर्फको भनी जग्गाधनी महलमा जनाई जग्गाधनी प्रमाणपुर्जा पठाईदिनु भनी मालपोत कार्यालयलाई समेत यसै पत्रको बोधार्थद्वारा अवगत गराईने हुनाले अब माग गरी पठाउनु हुँदा सो निर्णय बमोजिम गर्नु गराउनुहोला र माग गर्दा

पोता असुल गरीकन मात्र माग गर्नुहुन पनि अनुरोध गर्दछु" भनी उल्लेख भएको पाईन्छ। गुठी संस्थानको सम्पूर्ण अधिकार प्रयोग गर्ने कानूनी हैसियत रहेका गुठी संस्थानका तत्कालिन कार्यकारी अध्यक्षबाट मिति २०३९।०१।०३ मा भएको निर्णय तत्काल कार्यान्वयन गर्न उल्लिखित मिति २०३९।०१।०५ मा भएको पत्राचार बमोजिमको कार्य गर्नेतर्फ ध्यान नदिई धिङ्न्याई गरी गुठी संस्थानले पुनः अन्य अनावश्यक टिप्पणी आदेशतर्फ लागेको काम व्यहोराहरु समेत कानून सम्मत मान्न मिल्ने देखिएन।

३४. नारायण प्रसाद राजभण्डारीको मु.स. गर्ने शारदा राजभण्डारी प्रत्यर्थी बेदप्रसाद भट्टराई समेत भएको जोत छुट्याई पाउँ भन्ने ०६६-DF-०००९ समेतको मुद्दामा यस अदालतको पूर्ण इजलासबाट मिति २०६८।०९।२९ मा फैसला हुनु भन्दा अगावै देखि नै प्रस्तुत रिट निवेदनमा निवेदकहरुले उल्लेख गरेका गुठी जग्गाहरुको पोत असूली सम्बन्धी कामकारवाहीहरु गुठी संस्थानमा भईरहेको देखिन्छ। यी निवेदकहरुले दावी गरेको जग्गा निजहरुको हक स्वामित्वको जग्गा नभई गुठी अधिनस्थ तर्फका मोही सम्म रहेको गुठी संस्थानका तत्कालिन अध्यक्षको मिति २०३९।०१।०३ को निर्णयबाट प्रष्ट भएको देखिएको र स्वामित्ववाला पशुपति महास्नान पोता गुठी अन्तर्गतका जग्गा रहेको देखिएकोमा सो जग्गालाई छानविन गरी सोही बमोजिम गुठी अधिनस्थ राखे प्रयोजनकालागि रोक्का सम्म राखेको कार्यले निजहरुको सम्बैधानिक तथा कानूनी हकमा आघात परेको भनी मान्न मिल्ने देखिएन।

३५. अतः नारायण प्रसाद राजभण्डारीको मु.स. गर्ने शारदा राजभण्डारी प्रत्यर्थी बेदप्रसाद भट्टराई समेत भएको जोत छुट्याई पाउँ भन्ने ०६६-DF-०००९ समेतको मुद्दामा यस अदालतको पूर्ण इजलासबाट मिति २०६८।०९।२९ मा भएको फैसला पछि गुठी संस्थानले मिति २०७०।११।२० मा गरेको निर्णय आदेश र सो बमोजिमका काम कारवाही तथा गुठी संस्थान शाखा कार्यालय काठमाण्डौले मालपोत कार्यालय चावहिल, डिल्लीबजार काठमाण्डौलाई "श्री पशुपती माहास्नान पोता गुठी जग्गा साविक देखिनै नगदी तिरो लागि आएको गुठी रैतान नम्बरी (रैकर सरह) लगत कायम रही सोही बमोजिम तिरो असुल गरिदै आएकोमा सम्मानीत सर्वोच्च अदालत पूर्ण इजलासको मिति २०६८।०९।२९ को फैसलाबाट उक्त गुठीका जग्गा गुठी अधिनस्थ हुने भन्ने निर्णयमा उल्लेखित जग्गाहरु अधिनस्थ तर्फ लगत कायम भै सकेको सन्दर्भमा फैसलामा नपरेको उक्त गुठीको बाँकी जग्गा साविक बमोजिम रैतान नम्वरी (रैकर सरह) मान्ने वा फैसला बमोजिम अधिनस्थतर्फ कायम गर्ने भन्ने सम्वन्धमा निकासाको लागि पेश भै गएकोमा पशुपती महास्नान पोता गुठीका जग्गा गुठी अधिनस्थ हुने भनी सम्मानित सर्वोच्च अदालतबाट भएको फैसला बमोजिम नै कार्यालयको श्रेस्ता अद्यावधिक गर्ने र

सो बमोजिम श्रेस्ता पुर्जा लिन भनी मिति २०७०।११।२० मा निर्णय भै प.स.का.शा ११९/०७०।७१) च.नं. ९६१ मिति २०७०।११।२२ मा गुठी संस्थान प्रधान कार्यालयको पत्रबाट निर्देशन समेत प्राप्त भए अनुसार यस कार्यालयको च.नं.१७३४ मिति २०७०।११।२५ को पत्रबाट तहाँ कार्यालयलाई रोक्का राख्न लेखी पठाईएको व्यहोरा अवगत भएकै छ। उक्त गुठीका तहाँ कार्यालयसँग सम्बन्धित जग्गाको विवरण साथै छ। यस कार्यालयको लगतबाट विवरणमा उल्लेखित अधिकांश जग्गाहरु हाल साविक हुन बाँकी रहेको तथा साविक कै कित्ताहरु देखिन आएका छन्। अतः श्री पशुपती महास्नान पोता गुठी जनिएका जग्गा जो जसका नाममा जे जस्तो अवस्थामा कायम छ सोही बमोजिम हक हस्तान्तरण लगायतका कार्यहरु हुन नपाउने गरी रोक्का राखी सोको जानकारी अविलम्ब पठाई दिन हुन अनुरोध गर्दछु" भनी च.नं. १८६६ मिति २०७०।१२।१० मा लेखेको पत्र र सो पत्रका आधारमा मालपोत कार्यालय काठमाण्डौले रोक्का राखेको लगायतका कार्य कानून सम्मत नै हुँदा अन्यथा गर्नु परेन। प्रस्तुत रिट निवेदन खारेज हुने ठहर्छ। रिट निवेदन खारेज हुने ठहरेकाले यस अदालतबाट मिति २०७२।१२।१५ मा विपक्षीहरुको नाममा जारी अन्तरिम आदेश र सो अन्तरिम आदेशलाई निरन्तरता प्रदान गर्ने गरी यस अदालतबाट मिति २०७३।०२।२३ मा भएको आदेश समेत निस्कृय हुन्छ। प्रस्तुत रिट निवेदनको दायरीको लगत कट्टा गरी प्रस्तुत आदेश विद्युतिय प्रणालीमा प्रविष्ट गरी यो आदेशको जानकारी विपक्षीहरुलाई र महान्यायाधिवक्ताको कार्यालयलाई समेतलाई दिई मिसिल नियमानुसार गरी अभिलेख शाखामा बुझाई दिनू।

(कुमार रेग्मी)
न्यायाधीश

उक्त रायमा हाम्री सहमत छौं।

(तिलप्रसाद श्रेष्ठ)
न्यायाधीश

(मनोजकुमार शर्मा)
न्यायाधीश

(हरिप्रसाद फुयाल)
न्यायाधीश

<u>माननीय न्यायाधीश डा. श्री कुमार चुडालको राय:</u>

प्रस्तुत रिट निवेदनमा उठेका सवालहरु विवादका जग्गा श्री पशुपति महास्नान पोता गुठी जनिएको र सो जग्गाहरु गुठी अधिनस्थ जग्गाहरु भई गुठी संस्थान ऐन,

२०३३ को कानूनी व्यवस्था बमोजिम व्यवस्थापन एवम् काम कारवाही हुनुपर्ने भएकोले रिट निवेदन खारेज हुने भन्ने हदसम्ममा मेरो रायमा एक रुपता भएकोले थप चर्चा गरिरहन परेन।

अब प्रस्तुत रिट खारेज हुनेगरी आजै भएको फैसला कहिले देखि लागू हुनु न्यायपूर्ण एवम् युक्तिसंगत हुन्छ भन्ने सम्बन्धमा मेरो फरक राय भएकोले सो तर्फ हेर्दा, श्री पशुपति महास्नान पोता गुठीका नाममा कैयौं रोपनी जग्गा रहेकोमा सो जग्गामा निवेदकहरु लगायत सयौं व्यक्तिहरुले जग्गा खरिद गरेको, घर बनाई बसोबास गरिआएको, घर निर्माण गर्न अधिकार प्राप्त निकाय काठमाडौं महानगरपालिकाले स्वीकृति प्रदान गरेको, नियमित मालपोत समेत तिर्दै आएको अवस्था देखिन आउँछ। मिसिल संलग्न कागजातबाट रिट निवेदकले उल्लेख गरे जस्तै जग्गाका सम्बन्धमा श्री पशुपति महास्नान गुठी र श्री पशुपति महास्नान पोता गुठी गरी दुई प्रकारका जग्गाहरु रहेकोले गुठी संस्थानको मिति २०३७।१२।१० को निर्णय देखि नै गुठी रैतानी नम्बरी सरह हुने वा गुठी अधिनस्थ हुने भनी विवाद रहे भएको देखिन्छ। तत्पश्चात मिति २०३९।१।३, मिति २०४४।४।१५, मिति २०४४।९।३ समेतका मितिमा विभिन्न निर्णय भएका तर उक्त जग्गा गुठी अधिनस्थ भएको एकिनन् निर्णय गरी गुठी संस्थानले जिम्मा जमानी वा बन्दोबस्त गर्न सकेको पाइदैन। मिति २०४४।४।१५ को गुठी संस्थानको निर्णयले "श्री पशुपति महास्नान पोता गुठीको जग्गाको सम्बन्धमा साविकको लगतबाट पोत (मालपोत) मात्र असूल हुने भन्ने भएको र असूली पनि मालपोत सरह कै रकम भइरहेको हुँदा गुठी संस्थान ऐन, २०३३ को दफा २ को (ज) अनुसार गुठी रैतानी नम्बरी जग्गाकै परिभाषा भित्र पर्ने प्रष्ट छ। त्यस कारण सोही अनुसार जग्गा धनी प्रमाण पूर्जा बनाउने तथा असूली सम्बन्धी कारवाही गर्नु भनी सम्बन्धित कार्यालयलाई निर्देशन पठाउने, पहिले भएका निर्णयहरुको सम्बन्धमा संचालक समितिबाट विवरण माग गरेको हुँदा सो सम्बन्धि हालसम्मको जग्गाको विवरण लिई आउदो संचालक समितिको बैठकमा पेश गर्नु" भन्ने निर्णय समेत भएको देखिन्छ। ततपश्चात उक्त जग्गाहरु गुठी अधिनस्थ हो भन्ने कहींकतै नभई गुठी रैतानी नम्बरीको रुपमा भोग चलन विक्री व्यवहार मालपोत तिर्ने समेतका कार्यहरु निरन्तर हुँदै आएकोमा मु.स. गर्ने सारदा राज भण्डारी वि. बेदप्रसाद भट्टराई भएको जोत छुट्टाई पाउँ भन्ने समेतको मुद्दामा यस अदालतको पूर्ण इजलासबाट मिति २०६८।०९।२९ मा भएको फैसला र सो फैसलाको परिणाम स्वरुप गुठी संस्थानको मिति २०७०।११।२० को निर्णय एवम् मिति २०७०।११।२५ तथा मिति २०७०।१२।१० को रोक्का पत्र समेतको अवस्थाको श्रृजना भएको देखिन्छ।

यसरी गुठी संस्थानको मिति २०४४।४।१५ को निर्णय बमोजिम विवादका जग्गा गुठी रैतानी नम्बरीका रोहबाट मालपोत तिरो भई गुठी रैतानी नम्बरीकै रुपमा विक्री व्यवहार समेतका सम्पूर्ण कृयाकलाप भई सयौं व्यक्तिले साना तिना घर घडेरीको रुपमा भोग व्यवहार गरि आएको पाइन्छ। उक्त जग्गा सम्बन्धमा गुठी संस्थानले २०७० साल पूर्व कुनै सवाल उठाई अन्यथा गरेको पनि पाइदैंन। गुठी संस्थान नेपाल सरकारको अधनिस्थ सार्वजनिक संस्थान भएकोले राज्यको निकायको रुपमा रहेको पाइन्छ। राज्य स्वयंमा विश्वासको धरोहर हो। राज्यबाट हुने काम कारवाही, रहेका श्रेस्ता कागजात, राज्यले अनुमति प्रदान गरेका कृयाकलापको निकायगत संचालन व्यवहार प्रति हरेक नागरिकले विश्वास र वैध अपेक्षा राखेको हुन्छ। तसर्थ नागरिकको दैनिकी वा जीवन व्यवहार पनि सोही अनुरुप स्वतः संचालित भइरहेको हुन्छ। यस्तो राज्य संचालित स्वतः कृयाकलाप वा व्यवहारमा अनायस बाधा वा दखल पर्न गएमा हर नागरिक विचल्लीमा पर्न जाने हुन्छ। राज्य हर नागरिकको अभिभावक भएकोले अभिभावकत्वको दायित्व निर्वाह गर्नुपर्ने हुन्छ। यस्तो स्थितिमा राज्यका निकायको काम कारवाही दुरुस्त राख्दै राज्यलाई विश्वास गरी व्यवहार गरेका विचल्लीमा परेका नागरिकको न्यायपूर्ण संरक्षणमा राज्य विमुख भएमा अदालतले संरक्षकत्वको भूमिका निःसन्देह निभाउनु पर्ने हुन्छ।

प्रस्तुत रिटमा पनि नेपाल सरकारकै निकायको रुपमा रहेको गुठी संस्थानकै भर विश्वास र व्यवहारको परिणाम स्वरुप गुठी रैतानी नम्बरी जग्गा भनी सयौं व्यक्तिहरुले साना साना टुक्राहरु (कतिपय ०-३-०-० रो.) घर घडेरी खरिद गरी घर समेत निर्माण गरी गुजारा चलाई रहेको समेतको अवस्था देखिन आउँछ। यस्तो स्थितिमा भएका घर घडेरी अनायास गुठी अधिनस्थ भई प्रचलित व्यवहारमा नै विचलन आएको पाइन्छ। नेपालको संविधानको धारा ३७ ले प्रत्येक नागरिकको आवास सम्बन्धि हकलाई मौलिक हकका रुपमा समेत प्रत्याभूत गरेको छ। प्रकाशमणि शर्मा वि. नेपाल सरकार, मन्त्रिपरिषद् सचिवालय समेत भएको उत्प्रेषण परमादेश समेतको रिटमा (ने.का.प. २०६४, अंक १०, नि.नं. ७८८५) गुठी व्यवस्थालाई दाताको इच्छानुसार निरन्तरता दिन गुठी जग्गा रैतान नम्बरी सम्बन्धमा गुठी संस्थान ऐनका कतिपय प्रावधानहरुले धार्मिकस्थल र धार्मिक गुठी समेतको संरक्षण र संचालनमा पारेको असरलाई मध्यनजर गर्दै गुठी संस्थान ऐन, २०३३ को दफा २५ को उपदफा (२) को खण्ड (ग) र ऐ. दफा ३६ एवम् सो दफा कार्यान्वयन गर्न भए गरेका परिपत्र समेत बदर गरेको पाइन्छ। तर सो फैसलाले अब उप्रान्त हुने कार्यलाई (prospective overruling) रोक, नियन्त्रण गरेपछि सो फैसला पूर्व भएका कार्यका सम्बन्धमा "तसर्थ ऐन लागू भएको मितिबाट नै

अमान्य गर्दा वैध कानून अन्तरगत भए गरेका सबै कार्य र सबै निर्णयहरुलाई प्रतिकूल र अपूरणीय क्षति पुग्न जाने हुँदा आजको मिति भन्दा अगाडि आज अमान्य गरिएका ऐनका उल्लेखित दफा तथा निर्णय अन्तरगत भए गरेका काम कारवाही प्रभावित नहुने अर्थात पश्चातदर्शी असर नपर्ने गरी (prospective overruling) आजको मिति देखि ऐनका उल्लेखित दफा तथा तत्कालिन श्री ५ को सरकारका उल्लेखित निर्णय एवम् आदेशहरु समेत अमान्य र बदर घोषित गरिदिएको छ" (ने.का.प. २०६४, अंक १०, नि.नं. ७८८५) भनी फैसला भएको देखिन्छ। उक्त फैसलाले पनि राज्यकै काम कारवाही र व्यवहारका कारण आम नागरिकको प्रतिकूल र अपूरणीय क्षति हुने कार्यलाई न्यायिक विवेकका साथ संरक्षण गरेको पाइन्छ। प्रस्तुत श्री पशुपति महास्नान पोता गुठीका सम्बन्धमा पनि कैयौं वर्ष देखि नै जनसाधारण नागरिकले गुठी संस्थानकै मिति २०४४।४।१५ को निर्णय एवम् सो मिति पूर्व समेत बमोजिम गुठी रैतानी नम्बरीका रुपमा साना साना टुक्राका घर घडेरी खरिद विक्री व्यवहार गरी मालपोत तिरो समेत तिरी आएको देखिंदा भए गरेका सम्पूर्ण व्यवहारलाई अवैध घोषित गर्दा निर्दोष सर्वसाधारण नागरिकको साम्पत्तिक एवम् आवासको हक, राज्यका निकाय प्रतिको विश्वासको जगमा गरिएका व्यवहारमा खलल उत्पन्न हुने एवम् अपूरणीय क्षति पुग्ने भएकोले आज भएको प्रस्तुत आदेश समेत ०६६-DF-०००९ को फैसलासँग पश्चातदर्शी नहुने गरी कार्यान्वयन हुनु न्यायपूर्ण एवम् विवेक सम्मत हुने देखिन आउँछ।

अतः यस अदालतको पूर्ण इजलासबाट मिति २०६८।०९।२९ मा नारायण प्रसाद राजभण्डारीको मु.स. गर्ने शारदा राजभण्डारी विरुद्ध बेदप्रसाद भट्टराई समेत भएको ०६६-DF-०००९ को जोत छुट्टाई पाउँ भन्ने समेतको मुद्दामा भएको फैसलाको आधारमा पशुपति महास्नान पोता गुठी अन्तर्गतका जग्गाहरुलाई गुठी अधिनस्थ कायम गर्ने प्रयोजनका लागि गुठी संस्थानको पत्र बमोजिम मालपोत कार्यालयले जग्गा रोक्का राखेको कार्यले निवेदकहरुको हकमा प्रतिकूल असर परेको मात्र नमिल्ने हुँदा रिट निवेदन खारेज हुन्छ। तथापी गुठी संस्थानले नारायण प्रसाद राजभण्डारीको मु.स. गर्ने शारदा राजभण्डारी विरुद्ध बेदप्रसाद भट्टराई समेत भएको ०६६-DF-०००९ को जोत छुट्टाई पाउँ भन्ने समेतको मुद्दामा मिति २०६८।०९।२९ मा फैसला हुनु भन्दा पहिले नै निवेदकहरुले रैतान नम्बरी गरी जग्गा धनी दर्ता प्रमाण पुर्जा प्राप्त गरी सकेको जग्गाहरुलाई पनि गुठी अधिनस्थ कायम गर्नु पश्चातदर्शीताको सिद्धान्त विपरीत हुँदा मिति २०६८।०९।२९ को फैसला पश्चात भएका गुठी रैतानी नम्बरी जग्गाको हकमा मात्र आज भएको फैसला आकर्षित हुन्छ। माथि उल्लेख भए बमोजिम प्रस्तुत रिट निवेदन खारेज हुने ठहरेकाले

यस अदालतबाट मिति २०७२।१२।१५ मा विपक्षीहरुको नाममा जारी अन्तरिम आदेश र सो अन्तरिम आदेशलाई निरन्तरता प्रदान गर्ने गरी यस अदालतबाट मिति २०७३।०२।२३ मा भएको आदेश समेत निस्कृय हुन्छ। प्रस्तुत रिट निवेदनको दायरीको लगत कट्टा गरी प्रस्तुत आदेश विद्युतिय प्रणालीमा प्रविष्ट गरी मिसिल अभिलेख शाखामा बुझाई यो आदेशको जानकारी विपक्षीहरुलाई र महान्यायाधिवक्ताको कार्यालयलाई समेत दिनू।

(कुमार चुडाल)
न्यायाधीश

इजलाश अधिकृत(उपसचिव):- कुबेर पाण्डे
कम्प्युटर अपरेटरः- रामशरण तिमिल्सिना
**इति संवत् २०८० साल वैशाख १७ गते रोज १ शुभम्.......................................**